Received Date : Oct. 2022 Revised :Nov. 2022 Accepted : Dec. 2022

# सामाजिक-सांस्कृतिक समन्वयको केन्द्र : छिन्ताङ जाल्पादेवी

## (अन्वेषणात्मक ऐतिहासिक अध्ययन)

**डा.जगतप्रसाद पराजुली**

सहप्राध्यापक, इतिहास तथा बौद्ध अध्ययन विभाग,

पाटन संयुक्त क्याम्पस, पाटनढोका

Email: jagatparajuli792015@gmail.com/parajuli310@gmail.com

**सारसंक्षेप**

*ऐतिहासिक कालखण्डदेखि नै आफ्नो मौलिक पहिचान र प्रसिद्धिको शिखरमा रहेको धनकुटा सुन्दरतम, आकर्षकीय प्राकृतिक छटाहरूको कारण निकै महत्वपूर्ण मनोरम् जिल्ला मानिन्छ । महाभारत पर्वतीय शृंखलाको उत्तरी भागमा अवस्थित धनकुटालाई तेह्रथुम, पाँचथर, भोजपुर, उदयपुर, संखुवासभा, मोरङ र सुनसरी जिल्लाहरूले स्पर्श गरेका छन् । यसको केही सीमित क्षेत्रलाई शिवालिक पर्वतीय शृंखलाले पनि छोएको छ । धनकुटाबाट लगभग २४ कि.मी पश्चिम-दक्षिण दिशामा छिन्ताङ गाउँपालिका पर्दछ । यस जिल्लामा रहेका ३५ वटा गाउँपालिकाहरूमध्ये 'छिन्ताङ' सबैभन्दा ठूलो र फैलहर क्षेत्रमा अवस्थित छ । यस अन्तर्गत रहेका ९ वटा वडाहरूमध्ये १ , २ र ३ वडाहरूको करिब करिब मध्येभागमा रहेको घना जंगलभित्र 'जाल्पादेवी'को मन्दिर स्थापित छ; जसको निकै ठूलो ऐतिहासिक महत्व रहेको छ । त्यहाँको सामाजिक परिवेश, धार्मिक-सांस्कृतिक सहिष्णुता, राजनैतिक चेतना, शैक्षिक जागरण, आर्थिक विविधीकरण जस्ता बहुआयामिक सन्दर्भहरूले गर्दा नेपालको पूर्वी भागमा मात्र यसको लोकप्रियता बढोत्तरी नभएर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा समेत यसको ख्याति र प्रसिद्धि अभिवृद्धि भइरहेको देखिन्छ । 'छिन्ताङ-जाल्पादेवी' को यो पावन भूमि बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक एवं बहुभाषिक विशिष्टताले ओतप्रोत छ । भौगोलिक अवस्थिति कठिनग्रस्त भए तापनि सामाजिक विविधताले गर्दा यस क्षेत्रको पहिचान फराकिलो बन्दै गएको छ । आवागमनका अनेकन कठिनाई, उकाली-ओराली, प्रशस्त विघ्नवाधाहरू लगायतका विविध विषमताहरूका बीच पनि छिन्ताङ-जाल्पादेवीको पुण्य-प्रताप र प्रभावशालिताले गर्दा देश-देशाटनमा सामाजिक सद्भाव, सहिष्णुता तथा समन्वयात्मक भाव विस्तार गर्दै पारस्परिक सौहार्दता अभिवृद्धि गर्न बहुकोणीय दृष्टिबाट महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको देखिन्छ ।*

**विशिष्ट पदावली :** पर्वतीय-शृंखला, आर्थिक विविधीकरण, सामाजिक सद्भाव र सहिष्णुतायुक्त समन्वयभाव ।

## पृष्ठभूमि

इतिहास देश र समाजको दर्पण हो । यसको अध्ययन-अनुशीलनबाट मुलुकको सम्पूर्ण समसामयिक अवस्थाको यथार्थपरक, वस्तुनिष्ठ, सजीव तस्वीर उद्घाटित हुन्छ । त्यसैले समाज विकासक्रमको क्रमिक गति, प्रक्रिया एवं प्रवाह बुझ्न र देशको कालक्रमिक परिस्थितिको परिचय उपलब्ध गर्न, गराउन इतिहासनै सबैभन्दा गहन, अब्बल र प्रभावकारी साधन हो (रेग्मी, १९५२ : १२) । उक्त शास्त्रले समाजभित्रका अवयवहरूलाई बहुआयामिक तथा बहुकोणीय दृष्टिबाट अध्ययन गर्दछ । यसको अध्ययनबाट त्रिकालदर्शी अनुभव र सजगता समेत प्राप्त हुने हुनाले यो विषय अत्यधिक संवेदनशील, गम्भीर र चुनौतीपूर्ण हुनु स्वभाविक नै हो (किङ्स्ले, १९६० : ३७१) । यसर्थ समाज विकासका प्रक्रियाहरूको सांगोपांगो स्वरूपको अध्ययनमा अत्यधिक सावधानी अपनाउनु पर्दछ ।

हाम्रो मुलुकको भौगोलिक अवस्थिति, प्राकृतिक बनौट, मौसम, पर्यावरणीय प्रभाव आदिका कारण विश्वप्रसिद्ध छ । बाह्रै महिना हिउ पर्ने हिमाली प्रदेश, विश्वको सर्वोच्च शिखर लगायत साहसिक पदयात्राका महत्वपूर्ण हिमशृंखलाहरूले पर्यटकहरूको मन आकर्षित गरेका छन् (थोम्प्सन र लेविस, १९७८ : ४०९) । पहाडी प्रदेशको उन्नत संस्कृतिले अनेकताभित्रको एकता प्रदर्शित गरिरहेको छ । तराई प्रदेश अमृतमय उत्पादनको उर्वर समथर भूमि, जुन अन्नको भण्डारको रूपमा परिचित छ, जसलाई अर्थतन्त्रको मेरुदण्ड मान्न

सकिन्छ । सरसर्ति हेर्दा नेपाल प्रकृतिको वरदानजस्तो लाग्दछ (गुरुङ, १९७५ : ८४) । यहाँको समाज पनि विविधतायुक्त छ । बहुजातियता, बहुभाषा-भाषिका, बहुसांस्कृतिक पहिचान, बहुधार्मिक भावको संगमस्थलको रूपमा अनेकौं सामाजिक मूल्य र मान्यताहरू यहाँ परिचालित हुने गर्दछन् (चेमजोङ्ग, १९६७ : ७२) ।

एरिस्टोटल, डार्विन, मेक आइबर, ए.डब्लु. ग्रिन, ल्यापिएर, पार्सन्स्, ग्रिन्स्वर्ग, गिडेन्स आदि अनेकौं प्रख्यात विद्वानहरूले समाजको उत्पत्ति विकास, प्रवर्द्धन, परिष्कार एवं परिमार्जनका सन्दर्भमा सारगर्भित विचार र परिभाषाहरू प्रस्तुतीकरण गरेका छन् (भार्य, अनु : २७) । समाजमा थातथलो बनाएर बसेका नागरिकहरूले आफ्नो हक अधिकार तथा कर्तव्यको अक्षरशः परिपालना गरी आफ्ना भनाइका निमित्त यथोचित, उपयुक्त, वैधानिक तौरतरिकाबाट मर्यादापूर्ण क्रियाकलापहरू (उप्रेती, १९९२ : २५४) अगाडि बढाउँदै समाजलाई सुसभ्य, सुसंस्कृतियुक्त, सुसांगठनिक र सुव्यवस्थित तुल्याउन निरन्तर प्रयास गरिरहेको पाइन्छ (जिम्लेट, १९२८ : २७१) । यसका लागि समाजमा बसोबास गर्ने प्रत्येक जाति, समूह, समुदायले आ-आफ्ना परम्परा, रीतिरिवाज, चालचलन, रहनसहन, भेषभूषा, आभूषण, संस्कार, चाडपर्व आदि मौलिक विशिष्टताहरूलाई स्वपहिचानको आधार मानेर गतिशील हुन प्रेरित गरेको छ (गेइज, १९७५ : ९७) ।

यिनै माथि उल्लेखित सारभूत सन्दर्भ एवं आदर्शलाई आत्मसात गरी नेपालको निकै चर्चित, ऐतिहासिक, प्रशासनिक, पुरातत्विक, सांस्कृतिक एवं पर्यटकीय हिसाबले अत्यन्त मनोरम ठानिने धनकुटा जिल्लाअन्तर्गत पर्ने छिन्ताङ गाउँपालिका र त्यहाँ अवस्थित जाल्पादेवी मन्दिरको बारेमा शोध, अध्ययन-अनुशीलन गर्ने प्रस्तावना गरिएको हो । धनकुटा महत्वपूर्ण ऐतिहासिक ठाउँ हो (लामिछाने, २०७२ : ५४) । यसको विगत केलाउँदा ऐतिहासिक कालखण्डको पौराणिक युगसम्म नै पुग्न सकिन्छ । प्राचीनकालदेखि नै आफ्नो अस्तित्वको पहिचान बोकेको यस क्षेत्रले मध्यकाल, आधुनिक युग (कर्कपेटिक, १९७५ : ६६) हुँदै वर्तमानसम्म आइपुग्दा आफ्नो ख्याति एवं प्रसिद्धि कायम राख्न सक्नु गौरवकै विषय हो । पर्वतीय जिल्लाहरूमा पूर्वतर्फको प्रशासनिक चाँजोपाँजो मिलाउन सेनवंश, शाहकाल तथा राणाकालमा धनकुटा गौँडालाई उच्च प्राथमिकता प्रदान गरेको थियो (भट्टराई, २०६८ : २५) । एकीकरण युगमा यस क्षेत्रले खेलेको भूमिका अभूतपूर्व नै लाग्दछ । यसरी हेर्दा धनकुटा प्राकृतिक हिसाबले जति सुन्दर, मनोरम, आकर्षक र रमणीय देखिन्छ (बराल, अनु. : १५) । यसैगरी ऐतिहासिक दृष्टिले समेत यसले लोकप्रियता हासिल गरेको प्रष्ट हुन्छ ।

यही प्राकृतिक सुन्दरतम धनकुटा जिल्लाअन्तर्गत छिन्ताङ गाउँपालिका पर्दछ । धनकुटा जिल्लाको पश्चिम-दक्षिण दिशामा अवस्थित छिन्ताङ गाउँपालिकाको १, २ र ३ नं. वडामा पर्ने घनाजंगलभित्र जाल्पादेवीको मन्दिर स्थापित छ (भट्टराई, २०६२ : १-७) । त्यसको परिसरभित्र अनेक मठमन्दिरहरू, यात्री विश्रामालय, भोगबली स्थल, अनवरत अखण्ड धुनि, प्रतिमाहरू लगायत विभिन्न आस्था झल्कने ठूलासाना हज्जारौं त्रिशुल र घण्टहरू जडान गरिएको छ । यात्री, पर्यटक, धर्मावलम्बी लगायत पदमार्गीहरूको निमित्त विश्राम चिठन, फलैंचाहरू आदि निर्माण गरिएका छन् । अविच्छिन्न जलप्रवाह हुने धारा तथा ढुंगेधाराहरू बनाइएका छन् (राई, २०७३.१०.५) । स्नानागार, विसर्जनालयहरू, मन्दिर- परिसरभन्दा पृथक स्थानमा स्थापना गरिएका छन् । मन्दिर प्रवेशद्वारको निकटवर्ती स्थानहरूमा फलफूल, पूजासामग्रीका साथै त्यहाँका स्थानीय प्रचलित नमुना सामग्री आदिका विक्री कक्षहरू व्यवस्थित छन् (राई, २०७३.१०.६) । त्यसका छेउछाउमा आगन्तुक पाहुनाहरूका लागि होटल, लज, भोजनालयहरू संचालनमा छन् । छिन्ताङ गाउँपालिकालाई खोकु, आँखीसल्ला, महाभारत, तमोर नदी त्रिवेणी र आहाले भन्ने नामका स्थानहरूले वरिपरिबाट स्पर्श गरेका छन् ( श्रेष्ठ, २०६९ : ३५) । भोजपुर र सुनसरी जिल्लाले पनि यसलाई स्पर्श गरेको देखिन्छ । समग्र धनकुटालाई माथिका दुई जिल्लाका अतिरिक्त संखुवासभा, तेह्रथुम, पाँचथर र मोरङ गरी ६ वटा महत्वपूर्ण जिल्लाहरूले वरिपरिबाट घेरिएको संरचना देखिन्छ (श्रेष्ठ, २०६२ : २३) ।

मुलुकको धार्मिक पर्यटनका खातिर राष्ट्रिय पहिचान अभिवृद्धि गर्न धनकुटा छिन्ताङ र जाल्पादेवी मन्दिरका विशिष्टतम् पक्षहरूले महत्वपूर्ण भूमिका खेलेको छ। स्थानीय स्तरदेखि राष्ट्रिय हुँदै अन्तर्राष्ट्रिय स्तरसम्म सहिष्णुता र समन्वयको आधारस्तम्भ भएर यसले आपसी सद्भाव अभिवृद्धि गर्न सघाएको छ (राई, २०७३.१०.६) । यो पुण्यभूमि हिन्दूधर्मको शक्तिपीठकै रूपमा महत्वपूर्ण आस्थाको धरोहर हुनुका साथै अन्य धर्म सम्प्रदायसँग तादात्म्यता राख्ने समन्वयकारी भूमिका निर्वाह गर्न अब्बल स्थान सावित भएको छ (शर्मा, २०३९ : १३९) । यही सौहार्दताले गर्दा "छिन्ताङ-जाल्पादेवी" मुलुकको पूर्वीक्षेत्रको एउटा महत्वपूर्ण आस्थाको प्रतीक बनेको छ (भट्टराई, २०७३.१०.२) । यसले सामाजिक मूल्य र मान्यताका क्षेत्रमा, धार्मिक सहिष्णुताको प्रसंगमा, धार्मिक विश्वासको सन्दर्भमा, आर्थिक जनजीवन उकास्ने सवालमा, सांस्कृतिक पहिचान बढाउने प्रवृत्तिमा जुन अहम योगदान पुऱ्याएको छ (भट्टराई, २०७३.१०.२, ८/२०७६.९(.२७) त्यसको नालिबेली खोजखबर गर्ने अभिप्रायले उक्त शीर्षक चयन गरिएको हो । उक्त आस्थाको केन्द्रका माध्यमबाट मानवीय क्रियाकलाप, जीवन संघर्ष, उपलब्धी लगायतका सम्पूर्ण सद्प्रयासहरूले समाजको उन्नति-प्रगतिमा पुऱ्याएको योगदान, समग्र विकास प्रक्रियामा खेलेको भूमिका, सामाजिक सद्भावको बढोत्तरी, सहिष्णुतापूर्ण सदव्यवहार जस्ता अनेकौं विशेषताहरू कायम रहँदारहँदै (लामिछाने, २०६८ : १०४) पनि ओझेलमा परेको यस्तो महत्वपूर्ण स्थानलाई अनुसन्धानात्मक पद्धतिद्वारा त्यहाँको समसामयिक अवस्थाको वस्तुनिष्ठ अध्ययन गरी समग्र पक्षको यथार्थ उद्घाटन गर्ने मनोकांक्षा राखेर सो विषयको छनौट गरिएको हो ।

राजनीतिक चेतना, घटनाक्रम, जनजागृति, शैक्षिक जागरण र शिक्षाप्रतिको अभिरुचिलाई समेत उक्त शीर्षकले अध्ययनको परिधि तय गरेको छ। यसको अर्थ उक्त शीर्षकले त्यहाँको समाजको यथार्थ तस्वीर उद्घाटन गर्न सम्पूर्ण समसामयिक अवस्थालाई शोधमूलक ढंगले अध्ययन-अनुशीलन गरिएको छ।सामाजिक शास्त्रका अन्तरसम्बन्धित विषयवस्तुहरूका बारेमा वैज्ञानिक किसिमले अनुसन्धानात्मक कार्य गर्नु आफैमा चुनौतीपूर्ण, संवेदनशील, गहन र समस्यामूलक विषय हो । त्यसमध्ये पनि अहिलेसम्म कसैले पनि शोधमूलक ढंगले अध्ययनका लागि प्रयास नगरेको "सामाजिक-सांस्कृतिक समन्वयको केन्द्र : छिन्ताङ जाल्पादेवी" नामक नयाँ र भर्जिन शीर्षकमा ऐतिहासिक अनुसन्धान पद्धतिको अनुशरण गरेर शोधमूलक अध्ययन सम्पन्न गरी प्रामाणिक निष्कर्ष जनमानसमा सार्वजनिकीकरण गर्नु निश्चय नै सकसपूर्ण कदम हो । यस शोधकार्यले उक्त शीर्षकको अध्याय संरचनामा तय गरेका शीर्षक, उपशीर्षक, उप-उपशीर्षक मार्फत विश्वसनीय, प्रमाणयुक्त र भरपर्दा तथ्यहरूद्वारा (धौवञ्जार, २०७५ : ३९) पुष्टि गर्न सक्ने वास्तविकतालाई जनसमक्ष प्रस्तुत गरिएको छ। राष्ट्रको तस्वीर उद्घाटन गर्ने सिंगो राष्ट्रिय इतिहास लेखन प्रक्रियालाई यस्तो आञ्चलिक शोधकार्यले राम्ररी सघाउँछ (राई, २०३१ : १७) । थोपा थोपा मिलेर समुन्द्र बनेजस्तै क्षेत्रीय एवं आञ्चलिक स्तरीय अध्ययनहरू परस्पर आवद्ध हुनसकेको खण्डमा ती शोधकार्यहरू एकअर्कामा अन्योन्याश्रित बन्न र एकीकृत स्वरूप धारण गर्न सक्छन् । पारस्परिक आवद्धताले राष्ट्रिय इतिहास लेखनको शृंखलालाई राम्ररी सघाउन पुग्दछ (शर्मा, २०५२ : २७) । प्रचारप्रसारको अभाव, अधयनको कमी र शोधमूलक कार्यको रिक्तताले यस्तो जल्दोबल्दो ऐतिहासिक धरोहर ओझलमा परिरहेको छ (राउत, २०७३.१०.२) । जब कि यो सम्पदाले जातीय सद्भाव विस्तार गर्न, पारस्परिक समझदारी, साझेदारी, सहअस्तित्व बोध गराउन र सौहार्दता बढाउन (विष्ट, १९६७ : ५७) उत्कृष्ट योगदान पुऱ्याएको छ। त्यसैगरी आपसी सहिष्णुता विकास गर्न भरमग्दूर प्रयास गरेको छ (किङस्ले, १९६० : १९३)। यस्तो सद्भाव र सहिष्णुताको समन्वयकारी भूमिकामा रहेको सांस्कृतिक सम्पदाको गहन अध्ययन गर्नु आफैमा समस्यामूलक ठहरिन्छ। तथापि यसका विशिष्ट पक्षहरूलाई सावधानीपूर्वक शोधखोज गरेर जनमानसमा उजागर गर्नु इतिहास अध्ययनका जिज्ञासुहरूको परम दायित्व पनि हो ।

## अध्ययन विधि

मानव सभ्यताको विकास प्रक्रियामा "अनुसन्धान" कार्यको अद्वितीय योगदान रहेको हुन्छ । मानिस अन्वेषणशील प्राणी भएको हुनाले समाजका समस्त क्रियाकलापहरूलाई बारम्बार शोधखोज गरेर ज्ञान अभिवृद्धिमा सदैव क्रियाशील भइरहेको हुन्छ । त्यसैले शोधकार्य समाज कल्याणको अमोघ साधन र ज्ञानवृद्धिको शक्तिशाली कुञ्जि पनि हो । अन्वेषण, गवेषण, आविष्कार, शोध आदि शब्दहरू अनुसन्धानकै समानार्थी भएर सामान्यतयः निरीक्षण, सर्वेक्षण, परीक्षण, अध्ययन विश्लेषण आदि प्रक्रियाद्वारा सत्यको खोजीमा समर्पित भएका छन् । त्यसैले अनुसन्धान कार्यलाई निरन्तर चलिरहने गतिशील प्रक्रिया मानिन्छ । कुनै पनि विषयवस्तुका बारेमा खोजमूलक ढंगले तथ्यहरूको परख गरेर नयाँ कुरा पत्ता लगाई जानकारीमा ल्याउने विधिसम्वत् प्रक्रियालाई नै अनुसन्धान भनिन्छ ।

चयन गरिएको कुनै पनि विषयवस्तुको अध्ययन-अनुसन्धान कार्य विधिसम्वत प्रक्रियाबाट सम्पन्न गर्न निश्चित प्रारूप, रूपरेखा एवं गुरुयोजना तर्जुमा गरिएको हुन्छ । त्यसैलाई अनुसन्धान ढाँचा भनिएको हो । निर्धारण गरिएको कार्यविधिमा आधरित भएर प्रस्तुत अनुसन्धान शीर्षकका सन्दर्भमा प्राप्त भएका सूचना, प्राथमिक स्रोतबाट ग्रहण गरिएका तथ्यहरू र सहायक सामग्रीहरूको गहन अध्ययन, विश्लेषण एवं सत्यापन गरी यथार्थताको उद्बोधन गर्नु नै शोधमूलक कार्यको मर्यादायुक्त कदम हो । यिनै सारतत्वहरूलाई हृदयंगम गरी प्रस्तुत शीर्षकको शोधकार्यका लागि मौलिक स्रोतहरूको खोजी, प्राथमिक सूचनाहरूको सत्यान्वेषणका साथै सहायक स्रोत तथा सामग्रीहरूको गहन प्रशोधन, परीक्षण, पुनः परीक्षण गरी तिनीहरूबाट प्राप्त विषयसँग अन्तरसम्बन्धित ग्राह्य सूचनाहरूलाई ग्रहण गरिएको छ । मौलिक सूचनामा प्रथम पटक सुसूचित गराउने (First hand Informations) अनुवाद नगरिएका (Untranslated), प्रतिलिपि उतार नभएका (Uncopied), प्रकाशित नभएका (Unpublished) स्रोतहरूलाई प्रमुख आधार मानिएको छ । त्यसैगरी प्राथमिक स्रोत अनुरूप स्थलगत अवलोकन, गहन अन्तर्वार्ता, लक्षित समूह छलफल, प्रश्नवली, नमुना छनौट, अभिलेख, अदालतका फैसलाहरू, इस्तिहार, सवाल-सनद, शोधग्रन्थ, शोधप्रबन्ध, कार्यपत्र, संस्मरण, दैनन्दिनीजस्ता अनेकौं स्रोतका सूचनाहरूको वास्तविकता पत्ता लगाई तिनीहरूका आधारमा शोधकार्यलाई पूर्णता प्रदान गरिको छ ।

सूचना संकलनमा पुस्तकालयीय स्रोत तथा सामग्रीहरू पनि महत्वपूर्ण हुन्छन् । केन्द्रीय, क्षेत्रीय, क्याम्पस स्तरीय पुस्तकालय, वाचनालय, संग्रहालय, विद्यलयस्तरीय पुस्तकलाय आदि क्षेत्रका तथ्याङ्कहरू पुस्तक, कृति, लेख, रचना, स्मारिका, विशेषांक, जर्नल, पत्रपत्रिका, अखबार आदिमा फेला पारिएका सूचनाहरूलाई सत्यान्वेषण गरी यथोचित उपयोग गरिएको छ । मूलतः प्रस्तुत अनुसन्धान कार्यको प्राविधिक पक्ष "एपिए" नमुना शैलीमा आधारित रहेको छ । अनुच्छेदहरूमा गर्भे टिप्पणी स्थानापन्न गरी प्रयुक्त स्रोतलाई सन्दर्भग्रन्थ सूचिमा पनि संयोजन गरिएको छ ।

## अध्ययनका उद्देश्यहरू

प्रस्तुत अनुसन्धान कार्यलाई "ऐतिहासिक वास्तविकता" उद्घाटन गर्ने अभिप्रायले निष्पक्षता, विश्वसनियता, प्रामाणिकता, स्पष्टताजस्ता सर्वमान्य विशेषताहरूको जगमा केन्द्रित भएर सोको अध्ययनकार्य सम्पन्न गरिएको छ । माथि उल्लिखित मर्म, आदर्श र विशिष्टतालाई हृदयंगम गर्दै प्रस्तुत शीर्षकको अनुसन्धान कार्यका निम्नानुसार उद्देश्यहरू निर्धारित भएका छन् :

- क) त्यहाँको समाजको संरचनामा विगतदेखि वर्तमानसम्म आइपुग्दा भए, गरेका संघर्षका प्रयास, अनुभव र अनुभूतिहरूको आलेख तयार पारी प्रकाशमा ल्याउने ।
- ख) भौगोलिक, ऐतिहासिक लगायत समसामयिक सम्पूर्ण पक्षहरूको खोजमूलक जानकारी हासिल गर्ने ।
- ग) मुलुकका बासिन्दाहरूमा सामाजिक सद्भाव एवं सांस्कृतिक सहिष्णुता अभिवृद्धिमा समन्वयकारी भूमिकाको पृष्ठभूमि खोजविन गरी मुलभूत कारणहरूको मानवशास्त्रीय तथा समाजशास्त्रीय आधारहरूको अध्ययनमा जोड दिने ।

घ) क्षेत्रीय एवं आञ्चलिक शोध कार्यको जगमा टेकेर राष्ट्रको सिंगो राष्ट्रिय इतिहास लेखन प्रक्रियालाई सघाउने ।

**अध्ययनको महत्व**

प्राज्ञिक उन्नयनका कुनै पनि रचनात्मक गहन कदमहरू अनुपयोगी र अनुपयुक्त हुँदैनन् । जनताको सक्रियता, क्रियाकलाप, योगदान र भूमिकाबाट अगाडि बढेको समाज विकास प्रक्रियाको वस्तुनिष्ठ मौजुदा परिवेशको खोजिकार्य नगर्ने हो भने उक्त ठाउँ चर्चाविहीन हुन पुग्दछ । निःस्वार्थ भावका साथ इमान्दार तथा बफादार भई डटेर मुकाविला गर्ने संघर्षशील मानिसहरूको योगदानसमेत अवमूल्यन हुनजान्छ । समाज विकासका बहुआयामिक पहलु र बहुकोणीय सद्प्रयत्न पनि न्युनीकृत हुन्छन् । यसको अर्थ सम्पूर्ण विषयवस्तुहरू वेवास्थाको शिकार भई समग्रतामा तिनीहरू ओझेलमा पर्दछन् । यस्तो स्थितिमा जाँगरिला हातहरू, इमान्दार पाखुरीहरू, निःस्वार्थ पाइलाहरू, निरुत्साहित हुने खतरा उत्पन्न हुन्छ जसले गर्दा समाज विकास, सुधार र परिवर्तनका आकांक्षाहरू हतोत्साहित हुने डर पैदा हुन्छ । प्रगतिपथमा समाजलाई डोऱ्याएर अग्रगति प्रदान गर्ने जुझारु र क्रियाशील वासिन्दहरूलाई आफू बसेको ठाउँको “कस्तुरीको सुगन्ध” फैलाएर अझ सक्रिय तुल्याई समाज विकासको रथलाई झनझन तीव्रताका साथ अगाडि बढाउन उर्जा प्राप्त होस् भनेर यो प्राज्ञिक कदम उठाइएको हो । असल र राम्रा कामहरूको परिणाम असल र राम्रै निस्कन्छ भन्ने सर्वस्वीकृत प्रसंगलाई आत्मसात गरेर प्रस्तुत विषयको अनुसन्धान कार्य गर्ने जमर्को गरिएको हो ।

प्रजातन्त्र बहालीपश्चातका राजनीतिक घटना-परिघटनाहरूले प्रत्येक तह र तप्काका मानिसहरूलाई सचेतना प्रदान गरेको छ । उनीहरू सजगमात्र भएका छैनन् अन्तरमनबाटै चेतनशील बनेका छन् । उनीहरू समाजको हित, कल्याण र विकासका लागि सहभागितामूलक कदम चालेर समाजमा प्रचलित सबैखाले उचित र न्यायोचित कामहरू गर्न, सभ्यतालाई उन्नतशील बनाउन र संस्कृतिलाई समयसापेक्ष तुल्याई प्रवर्द्धन गर्नका लागि दत्तचित्त छन् । गाउँतहको प्रगतिगाथा यत्रतत्र विस्तार गरेर क्षेत्र, प्रान्त, केन्द्र तथा अन्तर्राष्ट्रिय स्तरसम्मै आफ्नो पहिचान बढाउने सबैको चाहना हुन्छ । आफ्नो संस्कृति फस्टाएको र सभ्यताले ख्याति कमाएको परिदृष्य ग्रहण गर्न नागरिकहरू लालायित हुन्छन् । आफ्नो ठाउँको लोकप्रियता बढ्ने, प्रसिद्धि थपिने कार्यले मन प्रफुल्लित हुने नै भयो । अतः प्रस्तुत शीर्षकको शोधकार्यबाट छिन्ताङ जल्पादेवीको ख्याति वृद्धि गर्न थप मद्दत पुग्ने कुरामा विश्वस्त हुँदै प्रस्तुत अनुसन्धानको विषय गहन, उपादेयतायुक्त र महत्वपूर्ण बनेको छ ।

स्वदेशी तथा विदेशी लेखक, इतिहासकार, राजनीतिज्ञ लगायतका विद्वान्हरूले विशेषतः राजनैतिक-कुटनैतिक क्षेत्रका विषयवस्तुहरूलाई समातेर अध्ययन-अनुसन्धान एवम् लेखन कार्य गरेको पाइन्छ । उक्त विषयमा यथेष्ट मात्रामा शोधमूलक कार्य भएकै देखिन्छ । शासक-प्रशासकहरूका योगदान उल्लेख भएका कृतिहरू पनि प्रकाशित भएका छन् । राजा-महाराजा, प्रशासक तथा ठूला–ठूला व्यक्तिहरूका बारेमा राम्ररी नै कलम चलेको छ । यस्ता परम्परित लेखन प्रक्रियाले मात्र समाजको सम्पूर्ण पक्षको यथार्थता उद्घाटन हुन सक्दैन । जनताको जीवनसंघर्षको अनुभव, योगदान, भूमिका र यावत् उपलब्धिहरूको इतिहास कमै मात्र लेखिएको छ । यथार्थतामा परिवर्तनको संवाहक भएर अथकित जीवन संघर्ष गर्ने र जीवन उत्सर्ग गर्ने भुँई तहका जनताको सम्पूर्ण क्रियाकलाप ओझेलमा परेको छ । कतिपय महत्वपूर्ण स्थानहरू छन्, तिनीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमै उत्कृष्ट योगदान पुऱ्याएका छन् । तिनीहरू पनि लेखकको लेखकीयतामा समेटिएका छैनन् । समाजका प्रत्येक प्रगति, उन्नति र विकासमा त्यहाँका जनताको बहुमूल्य सक्रियता निर्वाह भएको छ । तर तिनीहरू विभेदमा परेका छन् । यसर्थ प्रस्तुत लेखको शीर्षक चयन गर्नुको मुलभूत अभिप्राय भनेको ‘छिन्ताङ-जाल्पादेवी”सँग अन्योन्याश्रित भएर त्यहाँको प्रत्येक सुखदुखमा साझेदारिता निर्वाहमा अहं भूमिका अख्तियार गर्ने जनताको संघर्ष, योगदन र भूमिकालाई जस्ताको तस्तै प्रस्तुत गर्नु शोधकर्ताको प्रमुख आकांक्षा रहेको छ । यो विषय आफैमा गम्भीर पनि छ । संवेदनशीलता हुने नै भयो । यसको अतिरिक्त समन्वय र सहिष्णुताको सिद्धान्तलाई त्यहाँका वासिन्दाले जसरी आफ्नो जीवनपद्धति बनाएका छन् । सोको निष्पक्ष छानविन आवश्यकमात्र होइन अनिवार्य शर्त पनि हो । त्यसैले उक्त शीर्षक चयन गरी विषयवस्तुको

उठान गर्नु आफैमा औचित्यपूर्ण ठहरिन्छ । अनुसन्धान पद्धतिलाई आत्मसात गरेर मापदण्डहरूको अनुशरण गरी प्राज्ञिक उन्नयनका कार्यहरू सम्पन्न गर्ने काम वास्तवमा औचित्यपूर्ण कदम मान्नुपर्दछ ।

## छिन्ताङको समग्र परिचय

प्रदेश नं. १, पूर्वाञ्चल क्षेत्रको कोशी अञ्चलको आकर्षक पहाडी जिल्लाहरूमध्ये धनकुटा अन्तर्गतको छिन्ताङ गाउँपालिका समसामयिक दृष्टिले निकै महत्वपूर्ण मानिन्छ । भौगोलिक स्थितिअनुसार यो २६° ५३' देखि २७° १९' उत्तर अक्षांश र ८७° ८' देखि ८७° ३३' पूर्वी देशान्तरभित्र (लामिछाने, २०६८ : २४७) अन्तरनिहित छ । यो जिल्लाकै सबैभन्दा ठूलो गाउँपालिका हो । विगतको ऐतिहासिक कालदेखि नै यसलाई खाल्सा क्षेत्रका नामले सम्बोधन गरिन्थ्यो । यस खाल्सा क्षेत्रमा चुङमाङ, बेलाहारा, आँखीसल्ला, खोकु र छिन्ताङ पर्दथे (राई, २०७३.१०.४) । प्रशासनिक चाँजोपाँजो मिलाउने महत्वपूर्ण इलाकाको रूपमा यसको सांगठनिक व्यवस्था मिलाइएको थियो (अग्रवाल, १९७६ : १०९) । सुन्तला उत्पादनको नामी ठाउँ खोकु-छिन्ताङ त्रिवेणीको संगमस्थल मानिन्छ । अरुण, तमोर, दुधकोशी लगायत छिन्ताङ खोलाको जलाधार क्षेत्रमा वन पैदावार, घना जंगल, जडीबुटी एवं पशुपन्छीको लागि पनि निकै नै प्रख्यात र उपयुक्त ठानिने यो क्षेत्र मानवीय बस्ती विकासका साथै जीवन पद्धतिका लागि समेत उत्कृष्ट सावित भएको पाइन्छ (भट्टराई, २०६२ : ५) । शुरुशुरुमा छिन्ताङलाई उछेन्डाङ्गो, छेन्डाङ्गो, छेन्डाङ, छिन्डाङ आदि नामले सम्बोधन गरिन्थ्यो । क्रमिक रूपबाट अपभ्रंश हुँदै छिन्ताङ नामबाट यो स्थान प्रचलित भयो (राई, २०६३ : ८) ।

छिन्ताङ गाउँपालिकाभित्र थुप्रै महत्वपूर्ण स्थानहरू, ऐतिहासिक ठाउँहरू, प्राकृतिक उपहारजन्य वस्तुहरू, धार्मिक तथा सांस्कृतिक धरोहरहरू, सेवा प्रदायक निकायहरू, वित्तीय विविधीकरणका उत्प्रेरकहरू, प्रशासनिक एवं शैक्षिक प्रतिष्ठान लगायत बहुतायत रूपमा विभिन्न संघ संस्थाहरू संगठित रहेका छन् (सूचना विभाग, २०३१ : ४४६) । डाँडागाउँ, पञ्चकन्या, शहीदपार्क, पातालडाँडा, किराती समाधिस्थल, बरुटोल, लोहोजानी च्यानडाँडा, पिलेटार, खुर्सानेटार, लालाहानीटार, सिम्ले, त्रिवेणी, पोखरे, घडगरी, सफाइधाप, कर्कले, ज्यामिरे, नामआकाङ, गुराँसे, नामचोखाङ जस्तानामले सम्बोधन गर्ने गरिएका (पराजुली (राई), २०७३.१०.३/ २०७६.९.२७) प्रसिद्ध स्थानीय ठाउँहरू त्यहाँ अवस्थित छन् । तिनीहरूका आ-आफ्नै मौलिक विशिष्टताहरू कायम रहेका छन् ।

## पर्यावरणीय स्थिति

छिन्ताङ खाल्सा क्षेत्रमा हावापानी, मौसम तथा वातावरणीय हिसाबले प्राणी जगत्का निमित्त उच्चतम महत्व राख्ने स्थान हो । शितोष्ण, उष्ण, उपोष्ण र समशितोष्ण हावापानी तथा भूधरातलीय अवस्थितिका कारण मिश्रित किसिमको मौसम हुने हुनाले अनाज, बालिनाली, तुलफूल, तरकारी, फलफूल, दलहन, तेलहन लगायत अदुवा, लसुन, प्याज, खुर्सानी, बेसार, सूर्ती, अम्लिसो, निगालो, बाँसजस्ता नगदे बालीहरू समेत उत्पादन हुन्छन् (राई, २०७३.१०.४) । वर्षायामको पर्खाई प्रतिक्षित हुँदा पनि उत्पादकत्वमा वृद्धि नै भएको तथ्याङ्कले पुष्टि गर्दछ । अनुकूल मौसममा डाँडै पहेलपुर, राताम्मे र हरितकोणीय दृश्यावलोकनले आश्चर्यजनक पार्ने मात्र नभएर रमणीय र सुखअनुभूत गर्न सक्ने समाचार बन्दा वासिन्दाहरूको मन हर्षविभोर हुन्छ (चौधरी, २०५८ : १९५) । वर्षायामको झरी, हिउँदको ठण्डी, जेठदेखि भाद्र महिनाको गर्मियामले पनि मौसम अनुकूलको उत्पादन प्राप्त हुने हुनाले छिन्ताङका वासिन्दाहरूलाई सहकालको सुखानुभूति भइरहन्छ (अधिकारी, २०७१ : ४) । ऋतु अनुसारको मौसम र वातावरण अनुरूपको हावापानीका कारण छिन्ताङको पर्यावरणीय स्थिति सन्तुलित अवस्थामा रहेको प्रतीत हुन्छ । परिणामतः जीवन पद्धति संचालनमा यसले सकारात्मक योगदान पुऱ्याएको छ ।

## सामाजिक परिवेश

स्थानीय जनश्रुति, कहावत, किंवदन्ती, कथन तथा धार्मिक विश्वासलाई आधार मान्ने हो भने छिन्ताङको इतिहास लगभग ७०० वर्ष पुरानो देखिन्छ । जाल्पदेवीको प्राण प्रतिष्थापन भएपछि यसक्षेत्रमा मानिसहरूको आवागमन बाक्लिन थाल्यो । छिन्ताङमा जाल्पादेवीको प्रताप र अनुकम्पाले सहकाल प्रारम्भ भई कृषि अनाज, बालीनाली, फलफूल, तरकारीजस्ता मानवीय जीवनोपयोगी एवं पशुपन्छी लगायतका प्राणीहरूको जीवन रक्षार्थ आवश्यकीय अन्नपातहरू उब्जनी हुनथालेपछि त्यस ठाउँका मानिसहरूले अनिकालको चपेटोमा पर्नुपरेन (राई, २०७३.१०.५) । फलस्वरूप मानव बस्ती विस्तार हुने क्रम क्रमिक रूपमा अगाडि बढ्यो । मानिसहरूले आ-आफ्ना परिवारको थातथलो कायम गर्ने र जीवनोपयोगी सहजताका निमित्त विविधतायुक्त उपलब्धिमूलक क्रियाकलापहरू गर्न थाले (भट्टराई, २०७३.१०.२, ८/२०७६.९.२७) । व्यवसायिकता तथा वित्तीय विविधीकरणले जीवन पद्धतिलाई सहजीकरण गर्दै लग्यो । न्युनतम आवश्यकताका वस्तुहरूको आपूर्ति सँगसँगै सामाजिक परिवेश तथा आर्थिक जीवन पद्धतिमा उल्लेख्य रूपमा परिवर्तन हुँदै गयो । समयको फेरबदलसँगै मानवीय बसोबास प्रक्रियाले विकसित रूप लिन थाल्यो । शुरुमा थातथलो कायम गरेका किराँती, राई परिवारका अलावा अन्य वर्ण र जातका मानिसहरूको आगमन पनि भयो । अनेक थर भएका राई, किराँत जातिको प्रधान्यता कायम रहे तापनि त्यहाँ ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र सबै वर्णका मानिसहरू आएर बस्न थाले (राई, २०७३।१०।३/२०७६.९.२७) । आर्यन, मंगोलियन रक्तवंशका मानिसहरूको बसोबास प्रक्रिया द्रुततर गतिमा वृद्धि भयो ।

छिन्ताङ गाउँपालिकाभित्रका ९ वटै वडाहरूमा निवास गरेका परिवारहरूको तथ्याङ्कीय आँकडा हेर्ने हो भने झन्डै ९० प्रतिशत जनता राई, किराँती सम्प्रदायका मानिसहरू त्यहाँ बसोबास गर्दछन् । तिनीहरूमा नाइका, घुमे, तेले, खिन्ची, आनन्द, आरिहाङ, दलाहाङ, आङवुरा, नोलेङसी, सौनन्द, लेङमुक, साङपाङ, साल्टेई, साप्लाटेई, रुभेई, ओच्चोइहाङ, युपुछुङ, बोलाना, खामतेले, कुलुङ, खालिङ, वाईपाङ, एवाई, वालिङ, पाङतेई, तुप्रिहाङ, पुमा, लुइन, लोहोरोङ, खाम्ला, छारा आदि थरगत राईहरू त्यहाँ बसोबास गरेका छन् (राई, २०६३ : १३-४) । उनीहरूको बोलिचालीमा प्रयुक्त हुने भाषा-भाषिकासमेत लोपोन्मुख स्थितिमा पुगिसकेको देखिन्छ ( राई, २०६७ : ७) । जनसांख्यिक हिसाबले ठूलो संख्या भएका राई जातिका समुदायले अरु जातका न्युनसांख्यिक मानिसहरूसँग कटुतापूर्ण व्यवहार नगरी सदासयदा, समझदारी, साझेदारी, सहयोगात्मक, सद्भावपूर्ण, सहअस्तित्वबोध र समन्वय भावका साथ आफ्नो मौलिक शिष्टता र प्रवृत्तिहरूको विकास गरिरहेका छन् (राई, २०७३.१०.४/ २०७६.९.२८) । पारस्परिक आवद्धता र सौहार्दतापूर्ण सामूहिक सहभागिताद्वारा स्थानीय, पारिवारिक, क्षेत्रीय, प्रान्तीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका परम्परागत सामाजिक मूल्य र मान्यताहरूलाई मर्यादित रूपमा परिपालना गरिरहेको देखिन्छ । आ-आफ्ना रहनसहन, चालचलन, रीतिरिवाज, उत्सव-परम्परा, चाडपर्व तथा जन्मदेखि मृत्युसम्मका मौलिक संस्कारगत प्रचलनहरूलाई समयसापेक्ष कार्यान्वयन गर्दै आइरहेका छन् (राई, २०७३.१०.५/२०७६.९.२८) । उनीहरूकै सकारात्मक र संस्थागत योगदानद्वारा नै त्यहाँको समाजले आफूलाई सापेक्षतामा गुल्जार तुल्याउनुका साथै आधुनिकतातर्फ उन्मुख गराउँदै लगिरहेको दृष्टिगोचर हुन्छ ।

छिन्ताङमा महामारी पन्छाउने संसारी सेवा, जाल्पादेवी पूजा, नागपूजा, हात्तीमाङ जागित्रा, देउराली, आइतबारी, भूमीपूजा, पाँचकन्या सेवा, बुढाहाङ सेवा, शिकारी-सिद्धपूजा, कूलपूजा, बैशाखे पूजा, राजदेव पूजा, देउपुत्र पूजा, सुसारे-भण्डारे पूजा, महाराजदेउ पूजा, पितृपूजा, चुलापूजा, उधौली-उभौली पूजा, अगुवा-पछुवा सेवापूजा, इष्टमित्र पाहुनापाछा पूजा आदि चाडपर्व उत्सव तथा जात्रा परम्पराहरू प्रचलित छन् (चेमजुङ, २०३१ : २१) । यी सबै खाले उत्सवहरूको मुख्य उद्देश्य भनेकै "सर्वजनहिताय : सर्वजनसुखायः"को अनुभूति गर्नु हो (वैद्य र अन्य, १९९३ : ११) । यस्ता अनेकथरि पर्वोत्सवहरूमा छिन्ताङ लगायत स्थानीय छिमेकी तथा अन्य जिल्लाका बासिन्दाहरूको उपस्थिति एवं सहभागिता हुने गर्दछ । उनीहरू आफूसँग परम्परा अनुसार

पूजासामग्री, सौगात, उपहार आदि लिएर पूजाअर्चना कार्यमा शरीक हुन्छन् । सामुदायिक सहयोगद्वारा निर्धारित क्रियाकलापहरू सामूहिक किसिमले पूरा गर्ने गरिन्छ ।

छिमेकी पर्वतीय जिल्लामा प्रयुक्त आदिवासी, जाति, जनजातिहरूमा प्रचलित भेषभूषा, आभूषण तथा खानपान छिन्ताङका बासिन्दाहरूमा पनि प्रायसः समान रूपमा प्रयुक्त भएको देखिन्छ । पुरुषहरूले कमिज, दौरा, शुरुवाल, कोट, इष्टकोट, कम्मरबन्ध, गलफन, टोपी, फेटा, मोजा, जुत्ता, चप्पल आदि लगाउँछन् (राई, २०७३.१०.५/२०७६.९.२८) । महिलाहरूले गुन्यु, चोली, पछ्यौरी, खास्टो, पेटीकोट, पटुका, स्वेटर आदि प्रयोग गर्दछन् । उनीहरूले रातो मोतीको माला, सिक्काको हार, कुण्डल, ढुंग्री, बुलाकी, बाला, तिलहरी, नौगेडी, सिक्री, कर्णफुल, चन्द्रमाला, शिरफूला आदि आफ्नो गच्छे र इच्छाअनुसार गहना पहिरिन्छन् । खानपानको हकमा दालभात, तरकारी, अचार, ढिँडो, रोटो प्रायः सबैजसो परिवारमा प्रचलित छ (राई, २०७३.१०.५) । जाँड, रक्सी, तोङ्बा, माछामासु उनीहरूको सांस्कृतिक खाद्य परिकार भएकोले सुखान्तक एवं दुखान्तक स्थितिमा पनि ती बस्तुहरू प्रयुक्त हुन्छन् तर कविरपन्थी धार्मिक मतालम्बीहरूले मांस र मद्यपान गर्दैनन ( राई, २०७३.१०.५/ २०७६.९.२८) । यसरी समग्रतामा समीक्षा गर्दा छिन्ताङमा बसोबास गर्ने सबै तहतप्का, वर्ग, वर्ण, जाति, जनजाति आदि सबैले आफ्नो मौलिक परम्परा, रीतिरिवाज, धर्म, चाडपर्व, संस्कार, रहनसहन लगायतका सम्पूर्ण क्रियाकलापहरू (श्रेष्ठ, २०६९ : २४) अविच्छिन्न रूपमा परिपालना गर्दा सामाजिक मर्यादा, अनुशासन, सहअस्तित्वबोध, समभ्कदारी, साझेदारी, सद्भावपूर्ण, समन्वय भाव तथा सहिष्णुतापूर्ण तबरले तिनीहरूको परिपालना गर्दछन् ।

## शैक्षिक जागरण

शिक्षाले मानिसलाई चेतनायुक्त संस्कारजन्य, चरित्रवान, इमान्दार, कर्तव्यपरायण, क्षमतावान्, विनम्र एवं शालिन व्यक्तित्व निर्माण गर्न मद्दत पुऱ्याउँछ । शिक्षानै मानिसको चेतना अभिवृद्धिको प्रमुख कारकतत्व ( राइट, १९७२ : १५१) । भएकाले यसैको प्रभावशालिताद्वारा नै मानव अधिकार, स्वतन्त्रता, समानता, राष्ट्रियता तथा मुलुकको सम्प्रभुताको जगेर्ना, रक्षा एवं संवर्द्धन भइरहेको हुन्छ । विषयविज्ञता र विशेषज्ञताका हिसाबले शिक्षालाई परिभाषित गर्न सकिन्छ (जोशी, २०३७ : ३९) । ऋषिमुनि, दार्शनिक, धर्मगुरु, शिक्षाविद् आदिले आ-आफ्नो विषयक्षेत्रको विज्ञतामा निहित रहेर शिक्षाका सन्दर्भमा रोचक एवं मननयोग्य विचार प्रकट गरेका छन् । ती प्रकटीकृत अवधारणाहरूले शैक्षिक जागरणको मूल चुरो समातेको छ । समग्रतामा नेपालमा शिक्षा र चेतनाको विकास धिमा गतिले अगाडि बढेको देखिन्छ (वैद्य र अन्य, १९९८ : २६९) । त्यसर्थमा छिन्ताङका वासिन्दाहरूको शैक्षिक परिवेश वेजोडसँग गतिशिल थियो भन्न सकिन्न । अवसर तथा मौका प्राप्त भएका ठाउँमा नै शिक्षाले क्रमिक रूपले सूक्ष्म गति लिएको अवस्थामा त्यहाँको शैक्षणिक परिस्थिति कमजोर हुनु स्वभाविकै हो । यद्यपि स्थानीय सचेत तथा शिक्षित व्यक्तिहरूले सम्बन्धित सरोकारवाला पक्षसँग समभ्कदारी विकास गरेर छिन्ताङको शैक्षिक अवस्था माथि उकास्न सक्रियतापूर्ण भूमिका निर्वाह गरेका थिए ।

छिन्ताङको शैक्षिक जागरणको प्रारम्भिक चरण २००७ सालको जनक्रान्तिको सफलतापश्चात आरम्भ भएको मान्न सकिन्छ । रामलाल मझिया, विष्णुमाया सुभारा (मझिनी आमै), प्रधानपञ्च दुर्गाबहादुर राई, उपप्रधानपञ्च शेरबहादुर नाकछोङ राई, गोविन्दबहादुर राई, पण्डित कृष्णप्रसाद वस्ती, पण्डित डिल्लीराम वस्ती, पण्डित दीननाथ पोखरेल, कमलप्रसाद पराजुली, नोवलकिशोर राई, भक्तबहादुर बोलाना लगायतका शिक्षाप्रेमी अगुवा अभियान्तबाट यस ठाउँको शैक्षिक विकासको गति अगाडि बढेको थियो (पराजुली, २०७० : ४६-४७) । शुरुवाती दिनमा प्राथमिक तहका विद्यालयहरू एकपछि अर्को गर्दै ९ वटै वडामा स्थापना भए । छिमेकी गाउँ चुङमाङ जसरी शैक्षिक जागरणमा तत्कालीन समयको अगुवा स्थानमा रहेको थियो, त्यसैको प्रभाव र परिणामले गर्दा छिन्ताङले पनि शिक्षाको क्षेत्रमा उन्नति गर्ने अवसर प्राप्त गऱ्यो (राई, २०७३.१०.४) । चुङमाङकै शिक्षित व्यक्तिहरूले आफैं पनि सक्रिय भएर छिन्ताङलाई शैक्षिक प्रगति गराउने बाटोमा पथप्रदर्शकको काम गरेका थिए । छिन्ताङ-जाल्पादेवीको मन्दिर स्थापना भएपछि मानिसहरूको

आवागमन बढ्दै जान थाल्यो । पूजापाठ, आराधना, भाकल, भोग-वली चढाउन आउने धर्मभीरु, यात्री, पदमार्गी एवं भक्तजन सबैले यस ठाउँको शैक्षिक उन्नतिमा प्रोत्साहन दिने र प्रेरणादायी भूमिका खेल्ने कार्य गरे । शैक्षिक चेतना अभिवृद्धि हुँदै गर्दा शैक्षिक अध्ययनका संस्थागत निकायहरू विकसित हुनपुगे । वर्तमान अवस्थामा त्यहाँ एक उच्च मा.वि., ३ मा.वि., ३ नि.मा.वि. र ८ वटा प्रा.वि.स्तरका विद्यालयहरू संचालनमा रहेका छन् (राई, २०६३ : ११/भट्टराई, २०६२ : १४-१७) । स्थानीय समुदायकै व्यक्तिहरू पनि विभिन्न ठाउँका उच्च शिक्षाका निकायहरूबाट उच्च शिक्षा आर्जन गरी निर्धारित योग्यताअनुसार शिक्षण सेवामा संलग्न भइरहेको हुनाले छिन्ताङले शैक्षिक जागरणमा उल्लेख्य प्रगति गर्ने अवसर प्राप्त गरेको छ ।

## राजनैतिक सचेतना

राजनीति मुलुक संचालनको सर्वश्रेष्ठ नीति हो । मुलुकवासीलाई निर्भयताका साथ आ-आफ्ना पेशागत विविधतामा रहेर जीविकोपार्जन गर्दै शान्तिपूर्ण र अमनचयनका साथ आफ्नो परिवार, समाज र राष्ट्रको सर्वतोमुखी विकास प्रक्रियामा थप योगदान उपलब्ध गराउन राजनीतिले नै जनतालाई उत्प्रेरणा प्रदान गर्दछ । यो नै राज्यको मूल नीति भएकोले केन्द्रदेखि अधिकार प्रत्यायोजित हुँदै स्थानीय तहसम्म राज्य संयन्त्रको उपस्थिति अनिवार्य र अपरिहार्य ठानिन्छ । सवल र प्रबल ढंगबाट त्यहाँको प्रशासनिक व्यवस्था संचालन गर्दै विकास निर्माणका काममा सर्वसाधारण नागरिकहरूलाई सहभागिता जनाउन उत्साहित तुल्याउनु पनि कुशल र सक्षम नेतृत्वको उत्तरदायित्व हुन्छ । सबल नेतृत्वले त्यस क्षेत्रको विकास प्रक्रियालाई उदाहरणीय बनाउन सक्छन् (श्रेष्ठ, २०४२ : ६९) । यदि त्यस विपरित अकुशल र दुर्बल प्रशासकको जिम्मामा अधिकार पुग्यो भने त्यसले नतिजा पनि निराशाजनक नै दिने हुन्छ । छिन्ताङ सबैखाले मानिसहरूको आवागमनको महत्त्वपूर्ण स्थान भएकोले त्यहाँको प्रशासनिक प्रबन्ध मिलाउन राज्यको संयन्त्र उपस्थित (रेग्मी, २९९२ : ३०७) हुने नै भयो ।

पृथ्वीनारायण शाहले जाल्पादेवीकै आदेशअनुरूप अरुण नदी तरेर चढाइ गर्ने मनोकांक्षा त्यागेको जनश्रुति भेट्टाइन्छ । पछिल्ला दिनमा पल्लो, माझ र वल्लो किरात क्षेत्रका स्थानीय किराँत समुदायसँग शान्तिपूर्ण सम्झौता गरेर नेपालको एकीकृत स्वरूपमा ती क्षेत्रहरूलाई समावेश गरिएको थियो । विना रक्तपात यो कार्य सम्पन्न भएको पाइन्छ । वि.सं. १९०७ मा राजा सुरेन्द्र वीर विक्रम शाहले तमोर नदी किनारको दुरुम्टार भन्ने ठाउँको खेतीयोग्य जमिन छिन्ताङ जाल्पादेवीको नाममा गुठी जग्गा प्रदान गरेका थिए । तर त्यसलाई नदीले कटान गरी बगायो । वि.सं. १९५७ मा अरुण गढतिरको लोहाजनी भन्ने ठाउँको पानी लाग्ने खेत र पाखाबारी गरी ८४ रोपनी १५ आना २ पैसा जग्गा मन्दिरको नाममा गुठी (पराजुली, २०७० : ६०) प्राप्त भएको थियो जुन अतिक्रमणबाट बचेको त्यहीको केही जमिन यद्यपि मन्दिरको आयस्तामा कायम छ ।

मन्दिर संरक्षण, पूजाअर्चनाको बन्दोवस्ताका लागि गुठी जग्गाको आयस्ताले मनग्ये पुग्थ्यो । भौतिक विकासमा अपेक्षाकृत ध्यान नपुग्दा सोचेजस्तो उन्नत अवस्था बन्न सकेको छैन । गुठी अतिक्रमण, अपचलन, अनियमितता नहुने हो त यसको अवस्था फेरिन बेर लाग्दैन । छिन्ताङको विकास प्रक्रिया जाल्पादेवीकै प्रेरणा र प्रतापले सम्भव तुल्याएको हो । धर्मावलम्बी, शुभेच्छुक, भक्तजन, समृद्ध र स्थानीय बासिन्दा सबैको पारस्परिक सहयोगले यो ठाउँले विकासको गति समातेको पाइन्छ (राई, २०७३.१०.७) । राजनैतिक चेतना पनि क्रमशः अंकुराउने, पल्लवित हुने र विकसित अवस्थामा फस्टाउन थाल्यो । राणकालीन केही दस्ताबेजले जमिन, मोही, आयस्ता, काठदाउरा र मालपोतका बारेमा केही इस्तिहार जाहेर गरेको पनि देखिन्छ । ती इस्तिहारहरू छिन्ताङको उन्नति र मन्दिरको रेखदेखमा बढी केन्द्रित छन् (पराजुली, २०७० : ६७) ।

राणाकालमा छिन्ताङ, खोकु, बेलाहारा, चुङमाङ, आँखिसल्ला, सिरुवानी लगायत धनकुटा, तेह्रथुम समेतका जिल्लाबाट बलिया, हृष्टपुष्ट युवकहरू मगाएर ब्रिटिस सेनामा भर्ति गर्दथे (शिवाहाङ २०६८ : ९१) । युवा संकलन गर्नेले दाम समेत पाउथ्यो । छिन्ताङबाट पनि युवाहरू भर्ती हुन मलाया, लाहुर गएका थिए । यसरी हेर्दा राणा शासनकालमा समेत छिन्ताङ राज्यको आँखानिकट परेको थियो । नेपालको प्रजातान्त्रिक

आन्दोलनमा छिन्ताङ पनि अग्रपंक्तिमा उभिएको देखिन्छ (भट्टराई, २०६२ : ९)। नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीका अलग अलग धारमा रहेर राजनीतिक सचेतनाका लागि तत्कालीन युवाहरूले साहसिक संघर्ष गरेका थिए। २०१७ सालपछिका वर्षहरूमा पञ्चायत पक्षधर वामपन्थी र कांग्रेस आवद्ध कार्यकर्ताहरूमा निकै अन्तर्द्वन्द्वहरू भए। मदन भण्डारी, मनमोहन अधिकारी, प्राध्याापक महेश्वरमान श्रेष्ठ, यमनाथ बराल, रमेश खनाल, आनन्द सन्तोषी राईहरूको अगुवाइमा त्यहाँ वामपन्थी विचारधाराको राम्ररी मलजल भयो (राई, २०७३.१०.८/२०७६.९.२८)। प्रजातन्त्रवादीहरूको सक्रियता भने उल्लेख्य थिएन। सूर्यबहादुर थापाले पञ्चायत समर्थक राष्ट्रवादी स्वतन्त्र विद्यार्थी मण्डल लगायत केन्द्रदेखि नै प्रशासनिक संयन्त्र दुरूपयोग गरेर छिन्ताङको स्थानीय तहसम्म आफ्नो पकड कायम राख्न थुप्रै घटना परिघटनाहरू त्यहाँ घटाए। रामलाल मझिया, विष्णुमाया मझिनीका निकटवर्ती मानिसहरूका माध्यमबाट आफ्ना समर्थक बढाउन अनेकौँ षड्यन्त्रपूर्ण कार्यहरू पनि गरे। दरबारका दामोदर शमसेर राणा, गृहमन्त्री जोगमेहर श्रेष्ठ, अञ्चलाधिश शत्रुघनप्रसाद सिन्हा, डि.आई.जी. डि.वी. लामा, सि.डि.ओ. वीरबहादुर भुजेल, एसएसपी रामकुमार श्रेष्ठ, डिएसपी श्याम चापगाई र इन्स्पेक्टर प्रताप वान्तवा समेतको गठबन्धनबाट छिन्ताङका सचेत वामपन्थी लगायतका स्वतन्त्र र सोझा सर्वसाधारण जनतालाई चारैतर्फका स्थानीय इलाकाहरूबाट हतियारधारीहरूको घेरा हाली ठूलो अमानवीय नरसंहारकारी छिन्ताङ हत्याकाण्डको घटना घटाए। उक्त हत्याकाण्डमा ९ महिनाकी गर्भवती महिला हाँखिमा साहिली भन्ने श्रीमाया राई लगायत १५ जना राजनैतिक वृत्तका सचेत र समाजका अगुवा कहलिएका व्यक्तिहरूलाई बल प्रयोग गरी निर्ममतापूर्वक हत्या गरे (भट्टराई, २०७३.१०.२,८/२०७६.९.२७)। यो नरसंहारमा हत्या भएका सबै अमर शहीदहरूलाई पञ्चकन्या डाँडामा शहीद स्मारक पार्क बनाई निजहरूको प्रतिमा स्थापना गरिएको छ (हेर्नुहोस् परिशिष्ट)।

छिन्ताङ काण्डमा शहीद भएका अमर व्यक्तिहरू- गोपाल आनन्द राई, भैरव बहादुर राई, बलबहादुर खत्री, धनवीर दर्जी, गम्भीरमान दर्जी, टंकबहादुर विश्वकर्मा, लाखमान साधु राई, रणध्वज पुमा राई, केशरमान राई, गणेशबहादुर विश्वकर्मा, श्रीमती हाङ्खिमा राई, झगेन्द्र बहादुर राई, पुत्रमान राई, चन्द्र बहादुर दमाई, गंगाबहादुर तुप्रिहाङ राई, श्रीमती रामकुमारी राईको सम्झनामा निर्मित शहीद स्मारक पार्क र अमर शहीदहरूका प्रतिमा सबैका लागि अविष्मरणीय छन्। सबै प्रति लेखकको पनि सुपुष्प श्रद्धाञ्जलि। राजनीतिले विखण्डन गरेको समाजलाई धर्म र संस्कृतिका अमूल्य निधिहरूले एकअर्कामा जोड्ने काम गरेको हुन्छ। समाजका बासिन्दाहरूमा पारस्परिक आबद्धता र एकताका लागि समाजका विविध सांस्कृतिक पक्षहरूको ठूलो योगदान रहन्छ (पराजुली, २०७३ : ११८)।

## आर्थिक अवस्था

प्रकृतिले पृथ्वीमा रहेका मावन जाति लगायत हरेक जीवको जीवन रक्षाका लागि अमूल्य वरदानका रूपमा प्राकृतिक सम्पदाहरू प्रदान गरेको छ। त्यस्ता प्राकृतिक सम्पदाहरूलाई बुद्धिमानीपूर्ण ढंगबाट समुचित सदुपयोग गर्न सकियो भने देशको अर्थतन्त्रमा फलदायी प्रभाव पर्न जान्छ। मुलुक र सम्बन्धित स्थानका जनताहरूको आर्थिक जीवनस्तर माथि उठाउन त्यस्ता सम्पदाहरूको अहम भूमिका हुन्छ। त्यस्ता साधनहरूलाई अल्पकालीन र दीघकालीन उपयोगका आधार र मापदण्डहरू तय गरेर अत्यधिक दोहन र निर्मम संकुचन नगरी समयसापेक्ष ढंगले सदुपयोग गर्ने नीति अख्तियार गर्नुपर्छ। छिन्ताङको बसोबास संरचना तय भएको पनि सहकालका देवीको अनुकम्पाबाट नै हो भन्ने जनश्रुति विद्यमान भएको अवस्थामा यस क्षेत्रको समग्र आर्थिक जीवनसँग अन्तरर्निहित अर्थतन्त्रका आधारभूत तत्वहरूलाई उत्पादकत्व बढाउने तर्फ ध्यान पुऱ्याउनु पर्छ। परम्परित कृषि प्रणालीद्वारा उत्पादन वृद्धि नहुने अवस्थामा आधुनिक कृषि प्रणाली, विउ-विजन, प्रविधियुक्त तकनीकितर्फ यथोचित आकर्षण बढाउँदा उपार्जनमा ह्रास आउँदैन (राई, २०७३.१०.५)।

छिन्ताङको आर्थिक जीवन कृषि प्रणालीमा आधारित छ । कृषिबाट धन, मकै, कोदो, घैया, कागुनो, गहुँ, फापर जस्ता अनाजहरू उपार्जन हुन्छन् । तरकारीतर्फ हरियो सागपात, गोभी, बन्दागोभी, टाँकीको मुन्टा, सिमी, बोडी, केराउ, मटर, काँक्रा, फर्सी, लौका, स्कुस, भटमास, मुला, गाजर, चुच्चे करेला, तीतेकरेला, चिचिन्डा, गोलभेडा, तरुल, पिँडालू, सुठुनी आदिको खेती गरिन्छ (राई, २०७३.१०.६) । मसलाजन्य बस्तुहरूमा अदुवा, लसुन, प्याज, बेसार, खुर्सानी, धनियाँ, मेथी, छ्यापीजस्ता बस्तुहरूको खेती गरिन्छ । दलहनतर्फ मास, गहत, घोरे, चना, मटर, बोडी, सिमी, केराउ आदि उत्पादन हुन्छन् । त्यस्तैगरी तेलहनतर्फ तोरी, बदाम, रायो, सर्स्यु आदि उब्जिन्छ । फलफूलका लागि छिन्ताङ नमुना गाउँ मानिन्छ । यहाँ सुन्तला, ज्यामिर, भोगटे, कागती, जुनार, बिमिरो, आरु, आल्चा, बखडा, भकीअमिलो, नास्पाति, शंखत्रो, अम्बक, केरा, चिउरी आदि मौसमी फलफूल उत्पादन हुन्छन् (राई, २०७३.१०.७) । उखु, सुर्ती, अम्लिसो, कपास लगायत मसलाजन्य बालीहरू नगदे बालीका रूपमा प्रचलित छन् । वर्तमान अवस्थामा छिन्ताङ हिले सडकखण्ड यातायातको संजालमा जोडिएकोले उत्पादित सामग्रीहरूले चलनचल्तीको राम्रो बजार पाउन सफल भएको छ । कृषिको अतिरिक्त छिन्ताङका बासिन्दाको जीवनस्तर उकास्न पशुपालन व्यवसायले पनि मद्दत पुऱ्याएको देखिन्छ । बाखापालन, कुखुरा, हाँस, परेवा, बंगुर, राँगाजस्ता पशुपन्छीको व्यवसाय त्यहाँ फस्टाएको छ । जाल्पादेवी मन्दिरमा बलीप्रथा परम्परागत रूपमा कायम रहेकोले बोका, कुखुरा, हाँस, परेवा, राँगा, अण्डा आदि चढाउने र बली दिने गरिन्छ (गुरागाई, २०७३.१०.८) । त्यसका लागि भाकल गरेका मानिसहरूलाई यी पशुपन्छी बेच्न पाउँदा उनीहरूले आर्थिक आयआर्जन बढाउन पाउँछन् । गाईभैंसी दुग्ध उत्पादनका लागि पालिन्छ । ऊनी तथा खाँडीका सामग्रीहरू घरायसी तानद्वारा उत्पादित हुन्छन् । जसलाई उनीहरू आफै पनि खपत गर्दछन् । त्यहाँको उक्त उत्पादन विक्री वितरणमा समेत जाने गर्दछ ।

जाल्पादेवी थान भएको जंगल तथा वनपैदावार काट्न, भाँच्न र मास्न पाइँदैन । आफै लडेपडेका दाउरा काठ, स्याउला प्रयोग गर्न रोकटोक छैन (घिमिरे, २०७३.१०.८) । विगतको भन्दा अहिले छिन्ताङमा व्यापार व्यवसाय पनि फस्टाउन लागेको छ । भोजनालय, होटल, रेष्टुरेन्ट, लज, व्यापारिक पसल, वस्त्रभण्डार, किराना पसल आदि स्थापना गरेर स्थानीय वासिन्दाहरू आफ्नो आर्थिक जीवन उकास्न प्रयत्नशील छन् (ढुंगेल, २०७३.१०.८) । त्यसैगरी केही पसलहरू देवीथानको प्रवेशद्वार नजिक राखिएका छन् । त्यहाँ पूजासामग्री लगायत छिन्ताङमा उत्पादित वस्तुहरू फूल, अक्षता, टिका, डोरा, लकेट लगायतका चिजविजहरू त्यहाँ उपलब्ध हुन्छन् । रोजगारीका माध्यमबाट पनि केही मानिसहरू जीवन निर्वाह गर्दछन् । वैदेशिक रोजगारी, ब्रिटिश आर्मी, नेपाल पुलिस, सशस्त्र र आर्मीमा पनि केही युवाहरू भर्ती भएका छन् (राई, २०७३.१०.३) । विद्यालय, विश्वविद्यालय, न्यायसेवा एवं निजामति सेवाको संलग्नताबाट समेत जीविकोपार्जन गर्ने वासिन्दाहरू त्यहाँ पाइन्छन् । अहिले त राजनीति पनि पेशाजस्तै भएकोले स्थानीय तहमा क्रियाशील जनप्रतिनिधिहरू त्यसबाट समेत जीवन निर्वाह गर्ने प्रक्रियामा लागेका छन् (वस्ती, २०७३.१०.३) । छिन्ताङका मानिसहरूको आर्थिक जीवन मेहनत, परिश्रम र संघर्षशीलताबाट अगाडि बढेको पाइन्छ । विगतको तुलनामा त्यहाँका मानिसहरूको वर्तमान अवस्थाको आर्थिक जीवनपद्धति सुधारोन्मुख रहेको प्रष्ट देखिन्छ ।

## धार्मिक एवं सांस्कृतिक जीवन

हाम्रो देश पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको विविधतायुक्त भौगोलिक बनावटमा रहेको एउटा सुन्दर मुलुक हो । उत्तरतर्फ विश्वको सर्वोच्च शिखर सगरमाथा लगायतका बाह्रै महिना हिउँ जम्ने हिमशृंखलाहरू जसले विश्वका पर्यटकहरूलाई साहसिक पदयात्राका निमित्त आकर्षित गरिरहेका छन् । त्यहाँको ५ हजार मिटर उचाइमा शेर्पा जातिले आफ्नो मौलिक संस्कृति हुर्काइरहेका छन् । यति अग्लो स्थानमा शेर्पा संस्कृति फस्टाउनु र विकसित हुनसक्नु विश्वकै अनौठो अनुपम र अद्वितीय नमुना मान्न सकिन्छ (वस्ती, २०७३.१०.३/ २०७६.९.२६) । शेर्पाको घरको छानाबाट शितको थोपा बलेसीमा चुँहुँदाचुहुँदै शित जमेर हिउँको लौरोजस्तै आकृति बन्न पुग्छ । यो आकृतिले पर्यटकलाई आश्चर्यचकित र अचम्मित तुल्याउँछ । त्यहाँका अन्य

बासिन्दाहरूको संस्कृति र सभ्यता खानापान, आभूषण, भेषभूषा, पहिरन, रहनसहन, जात्रा उत्सव, चाडपर्वजस्ता रितिरिवाजहरूले उनीहरूको सांस्कृतिक विविधता झल्काउँछ ।

पहाडी प्रदेश पर्वतीय समुदायको सबैभन्दा उन्नत संस्कृति मानिन्छ । तरेली परेका पहाडहरूको प्राकृतिक मनोरम स्थानहरूमा उनीहरूको सभ्यता हुर्किएको छ । यो हाम्रो मुलुकको उदाहरणीय सम्पदा हो । त्यसैगरी समथर भूभागमा फैलिएको तराइ प्रदेश अमृतमय उत्पादनको अन्नभण्डार मात्र नभएर नेपालको अर्थतन्त्रको मेरुदण्ड नै मानिन्छ । यी सबै विशिष्टताभित्र छिन्ताङको समाज पनि अछुतो छैन । यसका विशिष्टीकृत पक्षहरूले त्यहाँका मानिसहरूको विविधतायुक्त संस्कृतिको चिनारी प्रस्तुत गरिरहेका छन् (राई, २०७३.१०.५) । माथिका शीर्षक, उपशीर्षकहरूमा छिन्ताङको भौगोलिक अवस्थिति, बनावट, हावापानी, मौसम, वातावरण, सामाजिक जनजीवन, शैक्षणिक परिवेश, राजनैतिक सचेतना तथा आर्थिक जीवनसँग अन्तरनिहित विषयवस्तुहरूको वास्तविकता प्रस्तुतीकरण गर्ने प्रयत्न भएको छ । यस अध्यायमा चाहिँ छिन्ताङका बासिन्दाहरूले मौलिक रूपमा जगेर्ना गरेका धार्मिक विश्वास र सांस्कृतिक जनजीवनमा अनुभूत गरेका विविधतायुक्त पहलुहरूलाई चित्रण गर्ने प्रयास गरिएको छ ।

**जाल्पादेवीको आराधना**

छिन्ताङ-जाल्पादेवीको स्थापनाका सन्दर्भमा लिखित इस्तिहार, दस्तावेज, ताम्रपत्र, शिलालेख आदि हालसम्म प्राप्त हुन सकेका छैनन् । त्यसैले निश्चित वर्ष किटानीका साथ एकीन गर्न सकिन्न । यसका बारेमा सम्बन्धित स्रोतहरूको वृहतर अनुसन्धान गर्नु आवश्यक छ । यद्यपि सरोकारवाला पक्ष र स्थानीय जानकार व्यक्तिहरूसँग साक्षातकार गर्दा करिब ७०० वर्षअगाडि जाल्पादेवीको प्राण प्रतिष्थापन हाल स्थापित स्थानमा गरिएको प्रसंग उठाएका छन् । अधिकांश सूचनादाताहरूको यही रायमा मतैक्यता रहेको छ । जाल्पादेवी मन्दिरका हालका पूजारी श्री डगेन्द्र नाकछोङ्ग राई हुन् । उनी आफ्ना पूर्खाका पछिल्लो पुस्ताका १७औँ पूजारी हुन् । उनका पूर्ख बुरुलेन (बुरुलेक्ष) खुखाङ्ग राईका पालामा छिन्ताङ गाउँमा ठूलो अनिकाल परेर हाहाकार भयो । बुरुलेलनसमेत गाउँका ७ जना व्यक्तिहरू बेसाहा खोज्न घरबाट उत्तरतर्फ प्रस्थान गरे ७ दिनसम्म हिँडेर बेसाहा खोज्दा पनि कहीँ कतै केही पाएनन् । आफूसँग पदयात्राका लागि साथमा लिएर गएको सातुसामल समेत समाप्त भयो । ७औँ दिनको राति उनीहरू संखुवासभाको आँखीभुइँको एउटा घरमा बास बसे । उक्त रात निन्द्राका बीच सपनीमा बुरुलेन खुखाङ्ग राईलाई देवीले दर्शन दिइन र भनिन "आँखीभुइँ भन्दा केही पर हुमेयुङको जंगलबाट भिजेको माटो मानेको पातमा लिएर जाऊ र छिन्ताङको पवित्र जंगलमा प्रतिस्थापन गर, म त्यही आसिन हुन्छु र तिम्रो गाउँभरि अन्नपातको कहिले अभाव नहुने सहकाल ल्याइदिन्छु" (राई, २०७३.१०.४, ५/२०७६.९.२८) । देवीको यस्तो आर्शिवचन पाएपछि बुरुलेन आफ्ना साथीहरूलाई छोडेर एक्लै उक्त माटो लिएर घर आए र अर्मालीमा सुर्किएर राखे ।

बुरुलेनले देवीरूपी माटो ल्याएर अर्मालीमा राखेको चटक्कै बिर्सिएछन् । परिणामतः छिन्ताङ गाउँभरि महामारी फैलियो । धामीझाक्री बिजुवा लगाएर जोखना हेराउँदा "देवीरूपी माटो लिएर वेवारिसे अवस्थामा राखेको कारण यस्तो विघ्नवाधा उत्पन्न भएको व्यहोरा सुझाए" । त्यसपछि बुरुलेनले उक्त ठाउँमा राखेको माटो जस्ताको तस्तै र मानेको पात पनि हरियाको हरियै भएको पाए । त्यसलाई गाउँभरिका मानिसहरू जम्मा गराई बाजागाजाका साथ हर्षबढाई गर्दै छिन्ताङ गाउँको पवित्र जंगलमा विधिविधानका साथ प्राण प्रतिस्थापन गरिदिए र आफैले सफासुग्घर भई नित्य पूजाअर्चना गर्ने परम्परा बसाए । अहिले यो मन्दिर भएको ठाउँमा अग्लो रुखको कापमा मानेका पातहरू देख्न सकिन्छ । त्यसबेलादेखिको रुख विशालकाय आकारमा बढ्दै गएको छ । मन्दिरको छाना छैन किनकी जलकीदेवी जाल्पादेवीलाई छानोले छेक्नु हुँदैन भन्ने जनश्रुति छ । देवीकै अनुकम्पाले जलधाराको मूल फुट्यो । अहिले मन्दिरकै समीप धाराहरू निर्माण भएका छन् । मन्दिर परिसरमा हजारौँ घण्टहरू, ध्वजापताका, त्रिशुल र प्रतिमाहरू स्थापना गरिएका छन् (थापा, २०७३.१०.३) । जाल्पादेवी

शक्तिपिठसँग निकटवर्ती देवीदेवताका प्रतिमाहरू त्यहाँ उक्त रुखको वरिपरि स्थापना गरिएको देखिन्छ । जाल्पा देवीकै प्रतापस्वरूप छिन्ताङमा सहकाल सधैँ रहने विश्वास गरिन्छ ।

जाल्पादेवीको उत्पत्ति र स्थापनाका प्रसंगमा अनेकौँ किम्बदन्तीहरू जनजिब्रोमा झुण्डिएका छन् । सबैखाले आख्यान र कहावतहरूलाई यो संक्षेप्ताकृत लेखमा समेट्न सकिन्न । यद्यपि ती कथनहरूको स्थायी र अमिट छाप त्यहाँका मानिसहरूमा व्याप्त छ । बुरुलेई खिख्खाङ्ग राईबाट पूजारी परम्परा प्रारम्भ भएको र उनकै वंशका सन्तानहरूले पूजारीको वंशानुगत जिम्मेवारी पाउँछन् । अहिले शेरबहादुरका जेठा छोरा डगेन्द्र बहादुर नाकछोङ्ग राई त्यहाँको पूजारी भएका छन् । त्यसैगरी पूजा सर्दाम ठिक पार्ने सबै प्रबन्ध मिलाईदिने पूजारीका सहयोगी कोठारी पनि नियुक्त हुन्छन् । ती कोठारी पनि वंश परम्पराअनुरूप बहाली हुनपुग्छन् । पूजारीले नित्यकर्म गर्नुपर्ने हुनाले मांश, मद्यपान गर्नुहुँदैन (राई, २०७३.१०.६) । पूजा सम्पन्न गरिसकेपछि गुठी जग्गाबाट आएको आयस्थाकै अन्नपात दिनको एकछाक ग्रहण गर्नुपर्छ । अहिले कोठारीमा चौथो पुस्ताका प्रेम बहादुर राई कार्यरत छन् ।

जाल्पादेवीको मन्दिरमा भाकल गर्ने भक्तजनहरूले बलीका लागि ल्याएका हाँस, कुखुरा, परेवा, बोका, बाखाका पाठी, राँगा, बली चढाउँछन् । बली चढेका पशुपन्छीको टाउको त्यहीँ छोड्नुपर्छ । वली दिएको प्रसाद नदी कटाएर लान निषेध गरिएको छ । फूलअक्षता, नैवेद्य भने टाढा पनि लान सकिन्छ (राई, २०७३.१०.७) । जाल्पादेवीको परिसरमा अखण्ड धुनि बल्छ । त्यो दिनरात निभ्नुहुँदैन । देवीलाई पक्वान्न प्रसाद चढाएपछि मात्र अरुले प्रसाद ग्रहण गर्न सक्छन् । रजश्वला भएका महिलालाई मन्दिर परिसर प्रवेश गर्न निषेध छ । उनीहरूलाई देवीथान प्रवेशद्वारकै सामुन्ने पूजाअर्चना गर्ने छुट्टै मन्दिर निर्माण गरिएको छ । भक्तजनहरूलाई स्नान गर्न स्नानागारको प्रबन्ध गरिएको छ । एकादशी र औँशीमा वली दिइँदैन । अरु दिन टाढाटाढाबाट पूजा गर्न आउने भक्तजनहरूको त्यहाँ घुइँचो लाग्छ । विगतभन्दा वर्तमान अवस्थामा मन्दिरको भौतिक अवस्थामा सुधार हुँदै गएको छ । बस्ने फलैचा, विश्रामालय, शौचालय, खानेपानीको सुविधा समेत भएको छ । रात छिन्ताङमा बिताउन चाहने  वा राति भएको खण्डमा त्यही बास बस्नुपर्ने भक्तजन, पर्यटक, यात्रीहरूलाई हालका दिनमा होटल, लजमा बस्ने व्यवस्थाका लागि राम्रो प्रबन्ध भइसकेको छ । पूजारीले बास बस्ने गरी टाढाको साइत निकाल्दैनन् । नित्य पूजामा पूजारीको उपस्थिति अनिवार्य हुन्छ । उनी पूर्ण शाकाहारी हुन्छन् ( घिमिरे, २०७३.१०.८ /२०७६.९.२८) ।

## मुन्धुम धर्म

छिन्ताङमा सबैखाले पूजाअर्चना आराधना, जात्रा, उत्सव, चाडपर्व, संस्कार, रीतिरिवाज आदिमा मुन्धुम धर्मअनुरूप कार्य सम्पन्न गरिन्छ । राई वा छिन्ताङ भाषामा मुन्धुमका श्लोकहरू वाचन हुन्छन् । ती श्लोकहरूमा छिन्ताङ जाल्पादेवीलाई सम्झेर आउने जाने पाहुनापाछा, आगन्तुक, पर्यटक, भक्तजन, सुसारे, भण्डारे सबैलाई देवी परमेश्वरीले रक्षा गरुन्, विघ्नवाधा कसैलाई नहोस्, सबैको हित, रक्षा र कल्याण होस्, चोटपटक, शारीरिक कष्ट केही नहोस् भनेर आफ्नै भाषामा पुकारा गर्दछन् । ती पुकाराहरूमा सबैप्रति शुभेच्छा, उदारभाव, सम्मान, श्रद्धा, कदर र कृतज्ञता अर्पण गरिएका प्रसंगहरू आउँछन् । कसैले नासिनु, मासिनु र सकिनु नपरोस् भनेर देवीका नामबाट रक्षाकवचको अभिलाषा राखिएको हुन्छ (राई, २०७३ : ५६/ राई, २०७४ : १०२) ।

## समन्वयभाव र सहिष्णुता

छिन्ताङका बासिन्दाहरूले मनाउने पारिवारिक, स्थानीय, प्रान्तीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सबैखाले परम्परागत रीतिरिवाजहरूमा सबैधर्मप्रति समान श्रद्धा, सबै जातिप्रति भक्तिभाव र कदर, सबैका मौलिक परम्पराप्रति आदरभाव, सबै वर्ग र वर्णका मानिसहरूप्रति मर्यादापूर्ण व्यवहार गर्ने आचरणलाई जीवन पद्धति बनाएका छन् । यी सबै क्रियाकलापहरू सहअस्तित्वबोधका पक्षपोषण हुन् । पारस्परिक कटुता, वैमनस्यता, प्रतिद्वन्दिता, मनमुटाव र वैरत्व नहोस् भनेर फराकिलो हृदय बनाई समन्वयभावको सिद्धान्तलाई

अक्षुण्ण राख्ने गर्दछन् (गेइज, २०१३ : १०३) । अरु समुदायका मानिसहरूका मौलिक परम्पराहरूलाई छिछि र दुर्दुर नगरी सहिष्णुताको व्यवहार अख्तियार गर्दछन् । यी सबै क्रियाकलापहरू मर्यादित, अनुशासित र शिष्टाचारयुक्त हुने हुनाले छिन्ताङका बासिन्दाहरूमा जाल्पादेवीको पुण्यप्रताप र प्रभावद्वारा उनीहरूमा पारस्परिक हित, सम्मानपूर्ण व्यवहार, सुमधुर सम्बन्ध बिस्तार गर्न सक्ने मनोभावना विकसित हुनपुगेको देखिन्छ (राई, २०६६ : ७९) ।

समाज भन्नाले समग्र रूपमा मानव समुहलाई मात्र जनाउँदैन । कृयाअन्तरक्रिया गर्न सक्ने कार्यप्रणालीहरू संस्थागत हिसाबले चल्नसक्ने, अधिकार र कर्तव्य निर्दिष्ट भएको पारस्परिक सहयोगबाट संगठित हुने, समूहिकता र सामुदायिकताको सोच वृद्धि हुनसक्ने (हल, १९७९ : ४७१), नियन्त्रित व्यवहार, स्वतन्त्रताको उपभोग गर्नसक्ने यावत प्रक्रियाहरू समाजभित्र अविच्छिन्न रूपमा चलिरहन्छन् (च्याम्बर्सन, १९९४ : ४०३) । यिनै क्रियाकलापहरूले समाजलाई व्यवस्थित र संगठित गर्दछन् । छिन्ताङको समाजमा पनि यस्ता विशिष्ट पक्षहरू उपस्थित छन् । सामाजिक तथा सांस्कृतिक चरित्रका कारणा नै त्यहाँ समन्वयभाव र सहिष्णुता कायम रहेको छ । बहुसांस्कृतिक पक्षहरूको जगेर्ना गर्ने समाजमा समन्वयता प्रष्ट झल्किन्छ (लेभी, १९६३ : २३०) । द्वन्द्वरहित उठानबैठान र कार्यकारक प्रक्रियाहरू समझदारिताका साथ अगाडि बढ्दछन् भने त्यहाँ सहिष्णुताले राम्ररी काम गरेको बुझ्नुपर्दछ (गेइज, १९९७ :२७९) । अनेकताभित्रको समाजलाई परस्परमा जोड्ने सबैभन्दा बलियो तत्व भनेकै सांस्कृतिक विशिष्टता हो । यसले समाजको स्तर मापन गर्दछ । समाज सभ्य र सुसंस्कृतियुक्त छ कि छैन भनेर विद्यमान विविधताहरूले नै खुट्याउँछन् । विविधताभित्रै एकताको पनि गुन्जायस हुन्छ र समाजलाई चलायमान बनाइराख्दछ (रिम्पोछे, २०७४ : ७१, ८६, १०९, २०४) । सक्रिय समाजले बहुआयामिक गतिविधि गरिरहेको हुन्छ । त्यहाँ निसिद्ध नभएका अनेकौं क्रियाकलापहरू संचालन भइरहेका हुन्छन् । यी सबै प्रक्रियाहरू समन्वयभाव र सहिष्णुताका कारण सिर्जित भएका हुन् ।

## उपसंहार

छिन्ताङ जाल्पादेवी जहाँ स्थापित छन् त्यहाँ पुग्न त्यति सहज र सरल अवस्था छैन । निकटवर्ती क्षेत्रबाट त्यहाँसम्मको गन्तव्य बनाउन सजिलो भए पनि दूरदराजबाट भने केही कष्टकर यात्रा तय गर्नुपर्छ । माथिल्ला अध्यायमा छिन्ताङको समाज र जाल्पादेवी मन्दिरको समग्र वस्तुस्थितिको बारेमा प्रकाश पारिसकिएको छ । यो ठाउँ बहुसांस्कृतिक जगेर्नाबाट लोकप्रिय भएको स्थान हो । उक्त ठाउँको प्रसिद्धिले गर्दा भौगोलिक विषमता हुँदाहुँदै पनि आफ्ना इच्छाअनुरूप भक्तजनहरूलाई त्यहाँ पुग्न आकर्षित र लालायित बनाउँछ । मानिसले आफ्नो इच्छा, मनोकांक्षा पूरा गर्न जाल्पादेवी समक्ष पुगेर पूजापाठ, अर्चना आदि सम्पन्न गर्न अभिरुचि राख्छन् । कुनै महत्वपूर्ण कामको शुभकार्यको थालनी गर्दा भोगवलीको भाकल गरेर मनोकांक्षा पूरा गर्दछन् । चिताएका उचित र वैद्य सबैखाले इच्छाहरू देवीकै प्रतापबाट पूरा हुन्छन् भन्ने हार्दिक विश्वास छ । त्यसैले टाढाटाढाबाट भक्तजनहरू इच्छित मनोरथहरू लिएर अनुष्ठानका लागि त्यहाँ पुग्छन् । माथि उल्लिखित यी सबै दृष्टान्तहरूबाट यो स्पष्ट हुन्छ कि छिन्ताङ जाल्पादेवी मन्दिर मानिसहरूको समन्वयको केन्द्र हो । सहिष्णुताको आधारस्थल हो । यस्तो महिमा र प्रसिद्धि बोकेको ठाउँलाई धार्मिक पर्यटनसँग जोडेर अझ विकास विस्तार गर्न सकिन्छ ।

देश-विदेशका पर्यटकहरूलाई त्यहाँको सांस्कृतिक विविधता, भौगोलिक परिवेश तथा प्राकृतिक उपहारजन्य दृश्यहरू पस्केर आकर्षित गर्न सकिन्छ । आन्तरिक पर्यटनको पनि प्रवर्द्धन गर्न सकिन्छ । जाल्पादेवीको महिमा सँगसँगै छिन्ताङका बासिन्दाहरूको सामाजिक सांस्कृतिक जीवनपद्धतिका बारेमा जिज्ञासा बढाउन अझ पनि थुप्रै काम गर्न बाँकी छन् । राजनीतिले गर्न नसकेका कामहरूलाई धर्म र संस्कृतिको पक्षबाट पारस्परिक सुमधुर सम्बन्ध विस्तार गरी रचनात्मक कार्य बढाउन सकिन्छ । छिन्ताङको समाजले प्रदर्शित गरेको सद्भाव र सहिष्णुतापूर्ण व्यवहारले देशदेशाटनमा यहाँको सांस्कृतिक विशिष्टताका साथै असल सन्देशहरू प्रवाहित हुन पुगेका छन् । यसले राष्ट्रिय पहिचान अभिवृद्धि गर्न पनि यथेष्ट मद्दत पुगेको देखिन्छ ।

**कृतज्ञता ज्ञापन :** (पिएमसि एकेडेमिक एण्ड रिसर्च सेल, ललितपुरको लघुअनुसन्धानका आधारमा तयार पारिएको आलेख) ।

## सन्दर्भग्रन्थ सूची

**अ) अन्तर्वार्ता**

गुरागाई, पूर्णप्रसादसँग मिति २०७३.१०.८ गते धनकुटा कच्चिडेमा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ अवकास प्राप्त निजामति कर्मचारी हुनुहुन्छ ।

घिमिरे, जनार्दनसँग मिति २०७३.१०.८/२०७६.९.२८ गते धनकुटामा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ वकिल, प्राध्यापक, पत्रकार, लेखक र तपोभूमि विश्रान्ती वृद्धाश्रमका अभियन्ता सचिव एवं अनुसन्धानकर्ता हुनुहुन्छ ।

पराजुली, कमलप्रसादसँग मिति २०७३.१०.१४/२०७६.९.२८ गते लिइएको अन्तर्वार्ता अनुसार, उहाँ लेखक, समाजसेवी, शिक्षाप्रेमी, साम्बुगाउँस्थित विद्यालयका पूर्व प्र.अ. एवं अनिवार्य अवकास प्राप्त भूमिसुधार अधिकारी हुनुहुन्छ ।

पराजुली (राई), प्रभासँग मिति २०७३.१०.३ गते धनकुटामा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ सामाजिक विकास अभियन्ता र शिक्षिका हुनुहुन्छ ।

बराल, ठाकुरसँग मिति २०७३.१०.२ गते धनकुटामा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ लेखक, समीक्षक, वकिल तथा प्राध्यापक हुनुहुन्छ ।

भट्टराई, गोपालबहादुरसँग मिति २०७३.१०.२, ०८/ २०७६.९.२७ गते धनकुटामा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ अवकाशप्राप्त प्राध्यापक, निवर्तमान क्याम्पस प्रमुख- धनकुटा ब. क्याम्पस, इतिहासकार, लेखक तथा अधिवक्ता हुनुहुन्छ ।

भट्टराई, लक्ष्मीप्रसादसँग मिति २०७३.१०.२ गते धनकुटा-४, गणेशधारामा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ अनिवार्य अवकाशप्राप्त मालपोत अधिकृत हुनुहुन्छ ।

राई, थममायासँग मिति २०७३.१०.६ गते छिन्ताङमा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ शहीद गोपाल आनन्द राईका धर्मपत्नी हुनुहुन्छ ।

राई, रुद्रबहादुर खिञ्चीसँग मिति २०७३.१०.५ गते छिन्ताङमा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ त्रियासी वर्षका वयोवृद्ध स्थानीय नागरिक हुनुहुन्छ ।

राउत, बलबहादुरसँग मिति २०७३.१०.२, गते धनकुटा ४, देब्रेवासमा लिइएको अन्तर्वार्ताअनुसार, निज राउत पेन्सनप्राप्त भूपू मेजर हुनुहुन्छ ।

लामिछाने, टिकाप्रसादसँग मिति २०७३.१०.२ गते धनकुटा, श्रीगर्वाचार्य सामुदायिक पुस्तकालयमा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ अनुसन्धानकर्ता लेखक, पुस्तकालय निर्माता तथा संचालक हुनुका साथै तपोभूमि विश्रान्तिका अभियन्ता हुनुहुन्छ ।

वस्ती, कृष्णप्रसादसँग मिति २०७३.१०.३/२०७६.९.२६, गते इटहरिमा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ पुराणवाचन कलामा निपूर्ण विद्वान् हुनुहुन्छ ।

वस्ती, निरञ्जनसँग मिति २०७३.१०.३ गते धनकुटा बहुमुखी क्याम्पसको कार्यालयमा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ तत्कालीन क्याम्पस प्रमुख तथा सहप्राध्यापक हुनुहुन्छ ।

श्रेष्ठ, शिवकुमारसँग मिति २०७३.१०.२ गते धनकुटामा लिइएको अन्तर्वार्ताअनुसार, उहाँ लेखक, इतिहासकार, साहित्यकार एवं पूर्व क्याम्पस प्रमुख र अनिवार्य अवकास प्राप्त प्राध्यापक हुनुहुन्छ ।

**आ) पुस्तक, लेख-रचना**

अग्रवाल, एच.एन., (इ. १९७६), *द एड्मिनिस्ट्रेटिभ सिस्टम अफ नेपाल,* दिल्ली : विकास पब्लिसिङ हाउस ।

अर्याल, कृष्णराज, (इ. १९७०), *एजुकेशन फर द डिभलप्मेन्ट अफ नेपाल,* काठमाडौं : शान्ति प्रकाशन शान्ति सदन, ।

अधिकारी, गणेशप्रसाद, (२०७१), *जिल्ला विकास योजना-२०७२-७३,* धनकुटा : जि.वि.स.का. ।

अधिकारी, रेशराज र हरिहर घिमिरे, (२०६७), *नेपालमा समाज र संस्कृति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

उड, एच.वि., (इ. १९६९), *द डिभलोपमेन्ट अफ एजुकेसन इन नेपाल,* वाशिङ्गटन : अफिस अफ एजुकेशन,।

उप्रेती, प्रेमरमण, (इ. १९९२), *पोलिटिकल अवेकेनिङ्ग इन नेपाल,* दिल्ली : कमनवेल्थ पब्लिसर्स, ।

उप्रेती, सञ्जीव, (२०६९), *सिद्धान्तका कुरा,* (चौथो संस्करण), काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

एण्डर्सन्, मेरी, (इ. १९७१), *द फेस्टिभल्स अफ नेपाल,* लण्डन : एलेन एण्ड अनविन्, ।

ओल्डफिल्ड, ए.ओ., (इ. १९८१), *स्केचेज् फ्रम नेपाल,* भाग-१, दिल्ली : कोस्मो पब्लिकेसन्स्, ।
कर्कपेट्रिक, विलियम, (इ. १९७५), *एन एकाउण्ट अफ द किङ्डम अफ नेपाल,* रिप्रन्ट, दिल्ली : एशियन सर्भिसिङ्ग हाउस, ।
किङ्स्ले, डेभिस, (इ. १९६०), *ह्युमन सोसाइटी,* न्यू योर्क : म्याकमिलन कम्पनी, ।
कोइराला, मातृकाप्रसाद, (२०४६), *कोशीको कथा,* विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान ।
खड्गी, हरिप्रभा (सं.), (२०७१), *चेतना,* काठमाडौँ : ने.म.सं केन्द्रीय तदर्थ समिति ।
खत्री, प्रेमकुमार, (२०५४), *नेपालका धार्मिक मत र सामाजिक मान्यताहरू,* काठमाडौँ : एम्.के. पब्लिसर्स ।
गिडिङ्गस, एफ.एच., (इ. १९१७), *द इलिमेन्ट अफ सोसियोलोजी,* न्यू योर्क : म्याकमिलन कम्पनी,।
गुरुङ, हर्क, (इ. १९७५), "जोग्राफिक सेटिङ्ग", *नेपाल अ कन्स्पेक्स,* के.पि. मल्ल (सं.), काठमाडौँ : मिनिस्ट्री अफ कम्युनिकेसन्स, डिपार्टमेन्ट अफ इम्फरमेसन, ।
गेइज्, एफ.एच., (इ. १९७५), *रिजनालिज्म एण्ड नेशनल यूनिटी इन नेपाल,* दिल्ली : विकाश पब्लिसिङ्ग हाउस ।
चौधरी, रामप्रसााद (सम.), (२०५८), *दीगो विकास र स्थानीय समुदाय,* काठमाडौँ : प्रोपब्लिक जनहित संरक्षण मञ्च ।
च्याम्बरसन, इयान, (१९९४), *माइग्रेन्सी, कल्चर एण्ड आइडेन्टिटी,* न्यूयोर्क : रटलेज ।
क्षेत्री, गणेश र रायमाझी रामचन्द्र, (२०६१), *समाजशास्त्र र मानवशास्त्रको परिचय,* काठमाडौँ : एशिया पब्लिकेसन्स् ।
जिम्लैट, जि.एच.डि., (इ. १९२८), *नेपाल एण्ड द नेप्लिज,* लण्डन : ए.एफ. एण्ड जि. विदर्वी ।
जोशी, हरिराम, (२०३७), *हाम्रो संस्कृति,* काठमाडौँ : श्री ५ को सरकार संचार मन्त्रालय, सूचना विभाग ।
थोम्प्सन एण्ड लेविस, (इ. १९७८), *पपुलेसन प्रोब्लेम्स,* थर्ड इडिसन, दिल्ली : टाटा एम.एच.पी. कम्पनी, ।
धौवन्जार, गोपाल, (२०७५), *जाति व्यवस्था,* काठमाडौँ : श्रीमती कल्पना श्रेष्ठ ।
नेपाल, ज्ञानमणी, (२०४०), *नेपाल निरुक्त,* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठन ।
पराजुली, कमलप्रसाद, (२०७०), *जीवन-जंघार,* विराटनगर : श्रीमती गंगादेवी पराजुली ।
पराजुली, जगतप्रसाद, (२०७३), "राणाकालीन नेपालमा शहरहरूको विकास", विद्यावारिधि *शोधप्रबन्ध,* कीर्तिपुर : मा.सा.सा. संघ, त्रि.वि. डिनको कार्यालय ।
पोखरेल, राजकुमार, (२०४२), *हिन्दु संस्कृति (स्वभाव, स्वरूप र स्रोत),* विराटनगर : भानु मोरङ सांस्कृतिक समिति ।
प्रपन्नाचार्य, स्वामी, (२०५७), *प्राचीन किरात इतिहास,* (दोस्रो संस्करण), पाँचथर, रवि : किरातेश्वर प्रकाशन ।
बराल, ठाकुर, (अनु.), *धनकुटा बोल्छ,* (परिवेशको टिपनटापन) इटहरी : सप्तकोशी प्रकाशन ।
बिष्ट, डोरबहादुर, (इ. १९६७), *पिपुल अफ नेपाल,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।
भट्टराई, गोपालबहादुर, (२०६२), *धनकुटा छिन्ताङको इतिहास,* धनकुटा : अधिवक्ता हिमादेवी बस्नेत भट्टराई ।
भार्य, टंकविलास, (प्रकाशन वर्ष अनुल्लिखित), *नेपाल द सिट अफ कल्चरल हेरिटेज,* काठमाडौँ : एजुकेसनल इन्दरप्राइजेज प्रा.लि.,।
राइट, डेनियल, (इ. १९७२), *हिस्ट्री अफ नेपाल,* दोस्रो संस्करण, काठमाडौँ : नेपाल एण्टिक्वेटेड बुक पब्लिसर्स ।
रेग्मी, डि.आर., (इ. १९५२), *एनसियन्ट एण्ड मेडियभल नेपाल,* काठमाडौँ : एन.के. पब्लिसर्स, ।
लामिछाने, टिकाप्रसाद, (२०६८), *पूर्वाञ्चलमा धनकुटा,* चितवन : पल्लव साहित्य प्रतिष्ठान ।
लेभी, स्ट्राउस, (१९६३), *स्ट्रक्चरल एन्थ्रोपोलोजी,* न्यूयोर्क : बेसिक बुक्स ।
विट्जेल, माइकेल, (१९९१), "नेप्लिज हाइड्रोनोमी : टुवार्डस् अ हिस्ट्री अफ सेटलमैन्ट इन द हिमालयाज", *मिनि रिसर्च पेपर,* सिनास, टियू ।
वैद्य, टि.आर., मानन्धर, टि.आर. र जोशी, शंकरलाल, (इ. १९९८), *सोसल हिष्ट्री अफ नेपाल,* दिल्ली : अनमोल पब्लिकेसन्स् प्रा.लि., ।
शर्मा, जनकलाल, (२०३९), हाम्रो समाज : एक अध्ययन, ललितपुर : साझा प्रकाशन ।
शर्मा, नगेन्द्र, (२०५२), *नेपाली जनजीवन* (दोस्रो संस्करण), काठमाडौँ : साझा प्रकाशन ।
शिवाहाङ, जय, (२०६८), *किरात मुन्धुमभित्रको विज्ञान : बौद्धिक तथा व्यवहारिक ज्ञान,* काठमाडौँ : कृष्णकुमारी राई ।
श्रेष्ठ, शिवकुमार, (वि.सं. २०४२), *लिम्बूवानको ऐतिहासिक अध्ययन,* धनकुटा : श्रीमती गंगादेवी श्रेष्ठ ।
...., (२०६९), *किराती लोककथाहरू,* काठमाडौँ : मुन्धुम प्रकाशन ।
साङकृत्यायन, राहुल, (२०७३), *दर्शनदिग्दर्शन,* काठमाडौँ : अक्षरदीप प्रकाशन ।
हल, स्टूवर्ट, (१९७९), *कल्चर, मिडिया एण्ड ल्याङग्वेज : वर्किङ इन कल्चरल स्टडी,* लण्डन : क्रियटिभ बुक्स हाउस ।